पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेब्साइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १० | २०७० असोज ११ गते शुक्रबार (Sept. 27, 2013) | मूल्य रू. १०/-

## दूतावास भ्रष्टचारको अखडा



काठमाडौँ । एमालेको कोटामा राजदूत बनेका हामिद अन्सारीले मरेका नेपालीहरूको बीमा रकम खाएर बेइजती गरे । अहिले मलेसिया, कतार (माया-माओवादी), अमेरिका (शर्मा-कांग्रेस), युके (कांग्रेस)का कोटामा राजदूत बनेर गएकाहरूले दूतावासलाई भ्रष्टाचारको अखडा बनाएका छन् ।

सोमबार मलेसियाबाट फर्कने प्रवेशाज्ञा लिएर आएका नेपालीहरू एरपोर्टमा पक्राउ परे । त्यो ट्राभल डकुमेन्ट नै नक्कली रहेछ । दूतावासबाटै २ सयमा पाइने डकुमेन्टलाई ३ हजार तिर्दा (बाँकी अन्तिम पेजमा)

### ३३ दलविरुद्ध सेना परिचालन

# मंसिर ४ मा के हुन्छ : निर्वाचन कि युद्ध

काठमाडौँ । भयरहित निर्वाचनको वहानामा खिलराज सरकर सेनापरिचालन निर्णयमा पुगेको छ । राष्ट्रपतिले विपतका बेलामा मात्र सेना परिचालन हुनसक्ने हुनाले संवैधानिक अड्चन देखाएर फिर्ता गरिदिएको प्रस्तावलाई निर्वाचन पछि बस्ने







संविधानसभाले अनुमोदन गर्ने निर्णय गर्दै सेना परिचालन गर्न सिफारिस गरेपछि नेपाली सेना राजनीतिक बहसको विषय बन्न पुगेको छ । सेना संविधान विपरीतको आदेश मान्न बाध्य छैन । प्रधानन्यायाधिश स्वयं मन्त्रिपरिषद् अध्यक्ष रहेको स्थितिमा सेनालाई राजनीतिक विवादमा मुछ्न खोज्नुले ठूलै षड्यन्त्रको गन्ध आउन थालेको छ ।
(बाँकी अन्तिम पेजमा)

## सूर्यबहादुरको खबरदारी

काठमाडौँ । राप्रपा अध्यक्ष सुर्यवहादुर थापाले जबर्जस्ती भनेको बलात्कर हो । चुनावको नाममा जबरजस्ती गरीदैँछ । जबरजस्ती भए त्यसबाट गम्भीर परिणाम आउँछ भनेर खबरदारी गरेका छन् ।

थापाको चेतावनीलाई सबै सञ्चार माध्यमले महत्व दिएका छन् भने राजनीतिक र कुटनीतिक वृत्तमा पनि चर्चा भइरहेको छ । खासगरी गत सोमबार खुलामञ्चमा असन्तुष्ट ३३ दलहरूले आमसभा गरे अनि भने- चुनावको बहिस्कार गरिने छ । वहिस्कार गर्दा दमन गरिए छापामार युद्धको घोषणा गर्छौं । कुनै पनि हालतमा देशलाई सिक्किमीकरण गर्ने चुनाव हुन दिंदैनौं । त्यसपछि सरकारले चुनाव सम्पन्न गराउन सेना परिचालन गर्ने निर्णयमा पुग्यो । (बाँकी अन्तिम पेजमा)

# खुट्टा भाँच्न र हतियार खोस्न निर्देशन

अभियान संवाददाता



काठमाडौँ । नेकपा-माओवादीका महासचिव रामबहादुर थापाले आउँदो मसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा खटिएका नेपाली सेना र प्रहरीका हतियारहरू खोसेर वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मी नेतृत्वमा रहेको सरकारलाई समाप्त पार्ने चेतावनी दिएका छन् । सुनसरीको इटहरीमा गत बिहीवार पार्टीद्वारा आयोजित संविधानसभा निर्वाचन वहिस्कार कार्यक्रम अन्तर्गत ३३ दलद्धारा आयोजना गरिएको कार्यक्रममा महासचिव थापाले त्यस्तो अभिव्याक्ति दिएका हुन् ।

कार्यक्रममा बोल्दै थापाले सेना, प्रहरी र सशस्त्र प्रहरीको तिन घेरा बनाएर निर्वाचन गदर्छौ भने दिवास्वप्न नदेख्न प्रमुख चार दल र रेग्मी नेतृत्वको सरकारलाई कडा चुनौति दिंदै चारदलका शिर्ष नेता हौ भन्नेहरूलाई नेकपा-माओवादी सहितका ३३ दललाई निर्वाचन विरोधी भनेकोमा आपत्ति जनाउँदै ३३ दल निर्वाचन विरोधी नभएको र दलिय व्यवस्था भएको मुलुकमा चुनाव त दलिय सरकारले मात्र गराउनु पर्दछ भन्दै कर्मचारीको सरकारले निर्वाचन गराउन नसक्ने र नपाउने आफूहरूको जिकिर रहेको तर्क थापाले गरेका थिए । सेना परिचालन गरेर निर्वाचन गराउन खोजेको खण्डमा रेग्मी नेतृत्वको सरकारको अस्तित्व मंसिर ४ कै दिन समाप्त हुने बताउँदै हिजो पनि तत्कालीन शासकले सेना लगाएर आफूहरूलाई सिध्याउन खोजेका थिए, चुनावको वहाना बनाएका थिए । तर उनीहरू सफल हुन नसकेका र अहिले चार दल पनि त्यही पथमा हिंडेकाले उनीहरूको हालत पनि पहिलाका शासकहरूको जस्तै
(बाँकी अन्तिम पेजमा)

# रेग्मी सहमतिको बाधक नबन

अभियान संवाददाता

काठमाडौँ । चार दल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको बैशाखी टकेर मन्त्रिपरिषद्का अध्यक्ष बनाइएका चुनावी सरकारका अध्यक्ष खिलराज रेग्मीले आगामी मंसिर ४ गतेको निर्वाचनमा नेकपा-माओवादीसहितका अन्य ३३ दलहरूलाई सहभागी गराउन फेरि पहल गर्न उच्चस्तरीय राजनीतिक संयन्त्रका अध्यक्ष झलनाथ खनाललाई आग्रह गरेका छन् ।

नेकपा-एमालेका अध्यक्ष एवम् उच्चस्तरीय राजनैतिक संयन्त्रका अध्यक्ष समेत रहेका खनाल अध्यक्ष रेग्मीलाई भेट्न शनिवार बालुवाटार पुगेका थिए । अध्यक्ष खनालसँगको भेटमा रेग्मीले उम्मेद्वारी मनोनयका लागि अझैपनि समय रहेको हुनाले असन्तुष्ट दलहरूलाई मनाउन चारदल लचिलो भएर पहल गर्न खनाललाई आग्रह गरेको बालुवाटार स्रोतले बताएको छ । अझै पनि समय छ, नेकपा-माओवादी सहितका सबै दललाई सकेसम्म मनाउने कोशिस गर्नुहोस भनेपछि खनालले मोहनवैद्यसँग अनौपचारीक रूपमा विभिन्न तहमा सम्वाद गरीरहेको जानकारी रेग्मीलाई गराएका थिए । रेग्मीले असन्तुष्ट दलहरूलाई मनाउन १०-१२ दिन गम्भीर भएर वार्ता गर्न र समस्याको हल गर्न उच्चस्तरीय राजनैतिक संयन्त्रलाई आग्रह गरेपनि उच्चस्तरीय राजनैतिक संयन्त्रमा रहेका दलका नेताहरूले खासै चासो देखाएका छैनन् ।

गत शुक्रवार रेग्मी सरकारले नेकपा-माओवादी सहितका अन्य ३३
(बाँकी अन्तिम पेजमा)

# जिउँदो सहिदले त्यागे एमाओवादी

काठमाडौँ । विभिन्न पार्टीबाट एमाओवादीमा प्रवेश गराउने लहर चलाइएको बेला एमाओवादी नेता डा.बाबुराम भट्टराईले जिउँदो सहिद भनेर सम्मान गरेका कार्यकर्ता राजु क्षेत्री पार्टीबाट अलग भएका छन् । सशस्त्र द्वन्द्वकालमा नेपाली सेनाको गजुरी व्यारेकमा थुनिदा ड्युटी बसेका सेनाको हतियार खोसेर भागेका क्षेत्रीले पछिल्लो समयमा आफूजस्ता लडाकु कार्यकर्तालाई पार्टीले बेवास्था गरेको भन्दै पार्टी परित्याग गरेको बताएका छन् ।

एमाओवादीले आफूलाई चारवर्ष देखि जिम्मेवारी नदिएको बरू पार्टी विभाजित भएपछि नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यको जासूसी भन्दै आफूलाई दुर्व्यवहार गर्न थालेपछि आफू पार्टी छोड्न बाध्य भएको उनले बताएका छन् । द्वन्द्वको बेला आफूलाई नेपाली सेनाले दूई पटक पक्राउ गरेर लामो समयसम्म वेपत्ता पारेको क्षेत्रीको भनाई रहेको छ । पार्टीले क्षेत्रीलाई तमुवान राज्य समितिको सचिवालय सदस्यका रूपमा खटाएपनि कास्की जिल्ला इन्चार्ज झलकमणी तिवारीले लामो (बाँकी अन्तिम पेजमा)

# मन्त्रालयको आदेश कलेजलाई अमान्य

काठमाडौँ । मनलागि गर्ने भए किन चाहियो कानून, सरकार र सरकारी मन्त्रालय ? यो प्रश्न यसकारणले पनि महत्वपूर्ण छ कि शिक्षा मन्त्रालयको आदेशलाई मातहतका मेडिकल कलेजहरूले रद्दीको टोकरीमा फालिदिएका छन् । सरकारको आदेश कलेजले नमानेपछि विद्यार्थी सडकमा निस्किएका छन् र विद्यार्थीले राजधानीस्थित मेडिकल कलेजहरूमा तालाबन्दी गरिदिएका छन् ।

शिक्षा मन्त्रालयले डाक्टर पढ्न ३१ लाख ४० हजार फि तोक्यो । तर किस्ट मेडिकल कलेजले ४० लाख, काठमाडौँ मेडिकल कलेजले ४१ लाख ५० हजार, नेपाल मेडिकल कलेजले ३५ लाख ५० हजार, नेपालगञ्ज मेडिकल कलेजले ४० लाख र भरतपुर मेडिकल कलेजले ४४ लाख शुल्क लिएर विद्यार्थी भर्ना गरे । सरकार तमासा हेरिरह्यो । त्यसपछि विद्यार्थीहरूले सरकारले तोकेको न्यूनतम शुल्क कायम गर (बाँकी अन्तिम पेजमा)

# ‘राप्रपा नेपाल नयाँ शक्तिको रूपमा उदाउँछ’



काठमाडौँ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले मंसिर ४ मै निर्वाचन हुन्छ वा हुँदैन भन्ने आशंका जनतामा अझै कायम रहेको बताएका छन् । थापाले उक्त कुरा शनिवार पोखरामा आयोजित राष्ट्रियविचार साप्ताहिक तथा राप्रपा नेपालका नेता सूर्यमोहन भट्टराईको आत्मकथा विमोचन कार्यक्रममा बोल्दै उनले त्यस्तो अभिव्याक्ति दिएका हुन् । आत्मकथा विमोचन कार्यक्रममा अध्यक्ष थापाले अगाडि भने चारदलको सिन्डिकेटकै कारण निर्वाचन हुन करिब दूई महिना बाँकी रहँदा समेत जनतामा चुनावप्रति अन्यौल रहेको चारदलिय सिन्डिकेटले मंसिर ४ मै निर्वाचन हुन्छ भनेर जनतालाई विश्वास दिलाउन नसकेको आरोप समेत लगाएका छन् ।

अध्यक्ष थापाले निकै पहिलदेखि नै सबै दलको सहभागीता बिना गरिने निर्वाचनको कुनै औचित्य नरहने बताउँदै आएकोमा पोखरामा समेत त्यही अभिव्याक्ति दिएर चार दलीय सिन्डिकेट र खिलराज रेग्मी नेतृत्वको सरकारलाई सबै दललाई निर्वाचनमा भाग लिन लागउने वातावरण मिलाउन आग्रह गर्दै कुनै दललाई बाहिर राखेर गरिने चुनावबाट आएका प्रतिनिधिहरू अर्थात् संविधानसभाले सबैलाई समेट्न सक्ने संविधान नै निर्माण गर्न नसक्ने ठोकुवा समेत गरेका छन् । आउँदो संविधानसभामा राप्रपा नेपाल नयाँ शक्तिका रूपमा स्थापना हुने दावी गर्दै थापाले राष्ट्रियता र राष्ट्रिय स्वाधिनताको मुद्दा पार्टीको प्रमुख एजेण्डा हुने बताउँदै हाल मुलुकमा राजनैतिक तथा कुटनैतिक रूपमा राजनीतिक हस्तक्षेप बढेको आरोप लगाएका थिए ।

राजनैतिक दलहरूमा आत्मसमर्पणवादी सोचका कारण नेपालमा विदेशी हस्तक्षेप बढेको वृतान्त सुनाउँदै अध्यक्ष थापाले भने नेपालका प्रमुख दल भनिने दलहरूले विदेशीहरूको सहयोग र आर्शिवाद मात्र होइन पैसाको
(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

## राजदूत शर्मा कै कारण कुटनैतिक लज्जा

*कृषि विकास वैंककी शाखा अधिकृत मायाकुमारी शर्मालाई डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले एमाओवादीको कोटाबाट कतारका लागि राजदूतमा नियुक्त गरेपछि त्यसैबेला पनि राजदूत शर्माको ब्यापक विरोध भएको थियो । बैंकको जागीरमा रहेकी शर्मा कुटनैतिक क्षेत्रमा उनको अनूभव शुन्य रहेको हुनाले उनले कतारमा रहँदा नेपालकै बेइज्जत गरेकी थिइन् ।*

*कुटनैतिक क्षेत्रको सामान्य ज्ञान नभएकी शर्मालाई एमाओवादीले आफ्नो पार्टी समर्थक भएको र जागीरे जीवनमा रहँदा समेत उनले पार्टीलाई राम्रो सहयोग गरेको भन्दै राजदुतले बनाउने निणर्य गरेलगत्तै त्यसको ब्यापक विरोध भएपनि विरोधको आवाजलाई तत्कालीन भट्टराई सरकार र एमाओवादी पार्टीले सुन्न नचाहेको कारण शर्माकै कारण मुलुकको प्रतिष्ठानमा समेत आँच पुगेको छ । जुनसुकै पार्टीबाट सिफारीस भएपनि वा परराष्ट्रसेवाबाटै राजदुत नियुक्त भएपनि उनीहरुको स्वार्थ भनेको कसरी हुन्छ नेपाल र नेपाली जनताको लागि सम्बन्धित देशमा मुलुकको अभिवृद्धिका लागि काम गर्ने हो । मुलुकको छवी बढाउने । देशको प्रतिनिधिका रुपमा रहेका राजदुतले राष्ट्रिय स्वार्थ र आफ्नो मुलुकको हितलाई जहिले पनि ध्यानमा राखेर त्यसैलाई उच्च प्राथमिकता दिनु पर्दछ । तर ठीक त्यस्को विपरीत राजदूत शर्माले संसदीय सुनुवाई देखि नै देखाएको अकुटनैतिक क्षमता र शैली दोहास्थित नेपाली राजदूतावासमा पुग्दा छताछुल्ल हुन पुग्यो । राष्ट्रिय स्वार्थलाई भन्दा ब्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्ने गरेको र एक सार्वजानीक कार्यक्रममै सञ्चारमाध्यमबाट कतार नेपाली कामदारहरुका लागि खुल्ला जेल भएको अभिब्याक्ति दिएर दुई देश बीचको सम्बन्ध नै संकटमा पारिदिएको थिइन् ।*

*राजदूत शर्माको यस्तो गम्भीर संवेदनाहीन अभिब्याक्तिले उनी आफूमात्र नभएर नेपालको कुटनैतिक क्षमतामा समेत देश विदेशमा विवादमा तानिन पुगेको छ । राजदूतको त्यो तहको अभिब्याक्ति मुलुकको लागि लज्जाको विषय भएकोले राजदूत शर्मालाई त्यसैबेला फिर्ता बोलाएर सरकारले आफ्नो कर्तब्य पुरा गर्न सक्नु पर्दथ्यो । तर सरकार पनि त्यस्मा चुक्यो । पछिल्लो पटक काठमाडौं स्थित कतार दूतावासले परराष्ट्र मन्त्रालय समक्ष राजदूत शर्माले कुटनैतिक मर्यादा विरुद्धको अभिब्याक्ति दिएको भन्दै आपत्ति जनाएपछि मात्र एमाओवादीले आफ्नो कोटाबाट सिफाबरीस भएकी शर्मालाई फिर्ता बोलाउन सरकारलाई आग्रह गरेको छ । राजदूत शर्माको अभिब्यक्तिलाई लिएर अन्य मुलुकहरुले आपत्ति जनाउँदा समेत उनलाई सिफारिस गर्ने एमाओवादी त बुझ्रेन बुझ्रेन परराष्ट्र मन्त्रालयले समेत उनलाई स्पष्टीकरण मात्र लिएर उन्मूत्ति दिनु मुलुकको बेइज्जत बाहेक अन्य केही हुन सक्दैन ।*

*आपत्तिजनक र कुटनीतिक मर्यादा, शिष्टाचार विपरीत अभिब्याक्ति र ब्यावहार शर्माले एकपछि अर्को देखाउँदै गएपछि कतार विदेश मन्त्रालयले राजदूत शर्मासँग एक नेपाली सञ्चार टोलीका अधिकृत कतार प्रवेशका बारेमा स्पष्टीकरण नै सोध्न वाध्य भयो । उक्त प्रकरण सेलाउन नपाउँदै शर्माले आफू विरुद्ध लेख्ने एक पत्रकारलाई कतारबाट निकाला गर्न त्यहाँको परराष्ट्र मन्त्रालयलाई पत्र नै लेखिन् । राजदूत शर्माको गलत कामकारबाहीलाई वाहिर ल्याएर उदाङ्गो पारेकै कारण शर्मा ब्याक्तिगत प्रतिशोधमा उत्रिएपछि उनकै सहयोगीले समेत राजदूत शर्मालाई अनेक आरोप लगाउँदै उनले कतार छाडेर केही समय पहिला नेपाल फर्किएका छन् । राजदूत शर्माका आधा दर्जन कुटनैतिक मर्यादा बाहिरका अभिब्याक्ति र ब्यावहारले गर्दा राष्ट्रको छवीमाथि नै प्रश्न चिन्ह उठेको थियो । करिब १८ महिना पहिला राजनैतिक कोटामा परेर राजदूत भएकी शर्माको कामकारबाहीप्रति दोहास्थित राजदूतावासका कर्मचारीहरुनै असन्तुष्ट रहेका थिए ।*

*राजदूत शर्माको अकुटनैतिक चरित्र र ब्यवहारका कारण बाध्य भएर कतार सरकारले शर्मालाई फिर्ता बोलाउन गतहप्ता औपचारिक रुपमै चेतावनी दिएपछि मात्र एमाओवादीले त्यसलाई गम्भीरताका साथ लिएर उनलाई फिर्ता बोलाउने निणर्यमा पुग्यो । पार्टीको पदाधिकारी बैठकबाट उनलाई फिर्ता बोलाउने निर्णय गरेर सरकारसँग फिर्ता गराउन आग्रह गर्ने निर्णय भएको छ । नेपालको इतिहासमै आफ्नो सिफारिसमा नियुक्त भएका राजदुतलाई राजीनामा गराउने सम्बद्ध पार्टीले निर्णय गरेको यो नै पहिलो घटना हो । राजदूत शर्माले नेपाल र कतारको सम्बन्धलाई नै दाउमा लगाएकी छिन् । राजदूत नियुक्त गर्दा दक्षता र क्षमता नहेरी पार्टीगत स्वार्थका आधारमा नियुक्ति गरिएको खण्डमा शर्माको जस्तो समस्याहरु फेरी दोहोरिंदैनन् भन्न नसकिने हुँदा योग्य, सक्षम ब्याक्तिलाई मात्र राजदूतमा नियुक्त गर्ने कार्य गरीएमा मात्र नेपाल र नेपाली जनताको छविमाथि उठ्न सक्छ । त्यसैकारण राजदूत नियुक्तिमा पार्टीगत स्वार्थ नहेरैं भन्ने हाम्रो धारणा हो ।*

# संविधानलाई कच्याच-कुच्चुक बनाइयो

■ देवेन्द्र चुडाल

मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनका लागि विभिन्न राजनैतिक दलहरूले उम्मेद्वारी घोषणा गर्न थालेपनि जनता भने निर्वाचन हुने कुरामा ढुक्क हुन सकेका छैनन् । एमाओवादीबाट विभाजित भएर गठन भएके नेकपा-माओवादीको नेतृत्वमा ३३ दलिय गठबन्धन बनेको छ । सो गठबन्धनले मन्त्रिपरिषद्का अध्यक्ष एवं वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीले सर्वोच्च अदालतको प्रधानन्यायाधिशबाट राजीनामा दिनुपर्ने प्रमुख माग चारदलिय सिन्डिकेट र रेग्मीसँग राखेपछि रेग्मीले त्यसलाई ठाडै अस्वीकार गर्दै बरू आफू मन्त्रिपरिषद्को अध्यक्ष छाड्न तयार रहेको भन्दै कुनै पनि हालतमा प्रधानन्यायाधिशबाट राजीनामा नदिने उद्घोष गरेपछि नेकपा-माओवादी सहितका अन्य ३३ दल चुनाव बहिस्कार गर्ने, निर्वाचन विथोल्ने भाँड्ने कार्यमा लागेका हुनाले निर्वाचन हुने कुरामा आशंका उब्जिएको छ । मुलुकले सत्क्रमणकालीन अवस्थाबाट पार पाउनको लागि निर्वाचन आवश्यक भएपनि संविधानसभाको निर्वाचनमा केही दलहरूलाई बाहिर राखेर गरीने निर्वाचनले सार्थक परिणाम दिन सक्ने अवस्था छैन । पछिल्लो समयमा चरदलिय सिन्डिकेट र रेग्मी सरकारले सेना प्रयोग गरेरै भएपनि मंसिर ४ मै निर्वाचन गराउने प्रकृयामा उनीहरू अगाडि बढेको अवस्थामा नेकपा-माओवादी सहितका अन्य ३३ दलले चुनाव वहिस्कार गर्नु उनीहरूको वाध्यता भएको छ । निकै अगाडिदेखी विभिन्न माग राखेर सडक आन्दोलनदेखि बन्द हड्ताल जस्ता कार्य गरेर आफ्ना मागहरू पुरा गराउन दवाव दिएपनि उनीहरूका एउटा पनि माग सम्बोधन हुन नसकेपछि उनीहरू सकृयरूपमा वहिस्कारको पक्षमा उभिएका छन् । चारदलिय सिन्डिकेट र रेग्मी सरकारले नेकपा-माओवादी सहितका अन्य ३३ दलले राखेका जायज मागहरू पुरा गरी केही मागहरू थाँती राखेका खण्डमा असन्तुष्ट पक्षहरू पनि निर्वाचनमा सहभागी हुन सक्थे । जसरी भएपनि जस्तो सुकै अस्त्र प्रयोग गरेर भएपनि निर्वाचन मंसिर ४ मै गराएर छाड्ने चारदलिय सिन्डिकेटको प्रतिवद्धता र त्यही चारदलिय सिन्डिकेटको आदेश स्वीकार गरेर चुनाव गराउने रेग्मी सरकारको प्रतिवद्धता भएपनि आखीरी मंसिर ४ मै निर्वाचन भएपनि रेग्मी सरकार भने असफल नै ठहरिन्छ ।

चारदलिय सिन्डिकेटले रेग्मीलाई अन्तरीम चुनावी सरकारको नेतृत्व सुम्पीदा स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउने दायित्व सुम्पीएको भएपनि रेग्मी सरकारले आफूलाई सुम्पीएको जिम्मेवारी पुरा गर्न सकेको छैनन् । सवै दललाई सहभागी गराएर मात्र निर्वाचन हुन सक्ने भएपनि स्वयम् रेग्मीनै निर्वाचनको बाधक र निर्वाचनमा सहभागी हुन खोज्ने दलका लागि उनी नै वाधक बनेका छन् । लामो समयसम्म न्याय क्षेत्रमा हरेक काम गरेका रेग्मीले विवेक प्रयोग गरेर असन्तुष्ट दलहरूको माग बमोजिम प्रधानन्यायाधिश पदबाट राजिनामा दिएको खण्डमा सहज रूपमा निर्वाचन हुन सक्ने अवस्था देख्दा देख्दै राजिनामा नदिने उद्घोष गर्नुले रेग्मी नै निष्पक्ष, स्वच्छ र भयरहित वातारणमा निर्वाचन गराउन चाहँदैनन् भन्ने प्रमाणित भएको छ । एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले निर्वाचनमा भाग लिएको खण्डमा आफ्नो दल नराम्रोसँग पराजय हुने डरले एमाओवादी नेतृत्वले नेकपा-माओवादीसहितका अन्य ३३ दललाई चुनावमा सहभागी गराउने प्रयासै गरेनन् । नेपाली कांग्रेस र नेकपा एमालेले समेत ३३ दलका जायज माग पुरा गराएर उसलाई निर्वाचनमा सहभागी गराएर उसलाई निर्वाचनमा जाने बाटो खोलि दिनु पर्नेमा उनीहरू समेत त्यसका लागि तयार नभएको अवस्थामा नेकपा-माओवादीलाई चार दलीय सिन्डिकेटले गरेका निर्णयहरू स्वीकार गर्न बाध्य पर्ने प्रयास गर्नु चार दलीय सिन्डिकेटको हुकुमीतन्त्र बाहेक अन्य केही हुन सक्दैन ।

अन्तरिम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा राष्ट्रपति डा. रामवरण यादवले समेत संविधानको पलाना र संरक्षण गर्न सकेको देखिएन । गत फागुन ३०गते चार दलको मात्र सहमतिमा गरिएको ११ बुँदे राजनीतिक सहमति र त्यही सहमतिका आधारमा चैत्र १ गते गरिएको संविधान संशोधनको आदेश दिनु भन्दा पहिला राष्ट्रपतिले सबै दललाई सहमतिमा लिएर मात्र संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने प्रयास गरेका भए सहज रूपमा निर्वाचन हुन सक्थ्यो । तर राष्ट्रपतिले पनि त्यसबेला आफू चारदलको मात्र राष्ट्रपति भएको जस्तो गरी चार दलको आदेश स्वीकार गरेका हुनाले आगामी संविधानसभाको निर्वाचनमा बहिष्कारवादी र चुनावमा सहभागी हुनेहरू बीच मारकाट भए त्यसका जिम्मेवार राष्ट्रपतिले समेत लिनु पर्ने हुन्छ । राष्ट्रपतिले एउटा असल अभिभावकको भूमिका निभाउनु पर्नेमा उनले दलगत स्वार्थलाई हेरेर चारदलको मात्र सहमतिमा संविधान संशोधनको आदेश जारी गर्दै जाने कार्य बाहेक अन्य केही भूमिका निभाउन नसकेका हुनाले राष्ट्रपति समेत असफल र असक्षम भएका छन् भनेर नेपाली जनताले किन नभन्ने ? संविधान संशोधन गर्ने अधिकार नत राजनीतिक दलहरूलाई छ, न त राष्ट्रपतिलाई नै । संसद वा जनताबाहेक संविधान संशोधन गर्ने अधिकार अरू कसैलाई छैन । आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर जसरी तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टाईले संविधानसभाको हत्या गरिदिएर त्यसैगरी राष्ट्रपतिले पनि संविधानको ध्वजी नै उडाउँदै संविधानलाई कागजको खोस्टो बनाई दिएका छन् । संविधान मुलुकको मूल कानून भएको हुँदा कानूनत त्यो संविधानलाई सबैले स्वीकार गरी संविधान अनुसार मुलुक सञ्चालन हुनु पर्नेमा कथित ठूला भनिएका दलहरूले, केही दलहरूको मात्र सहमती अनुसार संविधान सञ्चालन गरिन खोजेको हुनाले अहिले समस्या आएको हो ।

पाँचवर्ष भीत्रमा नेपालको आन्तरीम संविधान पटक पटक गरेर १५ औं पटक संसोधन भई सकेको छ । पछिल्लो पटक मन्त्रिपरिषद्को सिफारीस अनुसार संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरेर राष्ट्रपतिले सेना सम्बन्धि धारा संसोधन गरी दिएका छन् । नेपाली सेनलाई अब निर्वाचनमा खटाउने बाटो खोलिएको छ । आन्तरीक र चुनाव सम्बन्धि कार्यमा सेना खटाउनु भनेको नेपाली सेनालाई समेत विवादमा ल्याउने कार्यबाहेक अरू केही होइन । कतिपय राजनैतिकदलहरू र सरकार समर्थित दलकै नेताहरूले समेत निर्वाचनमा सेना खटाउनु नहुने तर्कहरू प्रस्तुत गरी रहेको वेला राष्ट्रपतिले सेना सम्बन्धि आदेश जारी गर्नुले राष्ट्रपतिले संविधानको मर्म र भावना समेत नबुझेको प्रष्ट हुन्छ । नेकपा-माओवादी सहितका ३३ दलका जायज मागहरू सम्बोधन गरीएको भए चुनावमा सेना खटाउनु पर्ने अवस्था नै आउने थिएन, तर चारदलिय सिन्डिकेट र रेग्मी सरकारले माग पुरा गर्नुको बदला नेपाली सेनालाई चुनावमा खटाउने निर्णय गरेर अर्बौ रूपैया स्वहा पार्ने र वहिष्कारवादीहरूका विरूद्ध सेनालाई परिचालन गर्ने निर्णय गर्नु आफैमा आपत्तिजनक र गैर राजनैतिक चरित्र देखाउनु नै हो । असन्तुष्ट दलहरूले पछिल्लो समयमा चारवटा मागहरू राखेका थिए । चारवटा मागमा एउटा बाहेक अन्य तिनवटा माग चाहेका भए १ घण्टाभीत्रमा सम्बोधन हुनसक्ने थिए । तर असन्तुष्टहरूलाई अझ टाढा पुर्‍याउन उनीहरूले ३३ दलका मागहरू सम्बोध गर्न तयार भएनन्, आखीरी किन ? हिजो हत्या गरिएको संविधानसभामा सबै दलको प्रतिनिधिन्तव भएपनि त्यो संविधानसभाले त संविधान निर्माण गर्न सकेन भने नेकपा-माओवादी सहितका अन्य ३३ दलालई वाहिर राखेर संविधान निर्माण गर्छौं भन्नु हुटिट्याउँले आकास थाम्छु भने सरह मात्र हो । चार दल भित्रका ठूला र केही धन्धुकारीहरूले आफूलाई नै सर्वेसर्वा ठानेर व्यवस्थापिका-संसद, संविधानसभाको अधिकार आफ्नो खल्तीमा हालेर अन्त्यमा संविधानसभाको हत्या नै गरिदिए । अहिले आएर सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले समेत तिनै धन्धुकारीहरूको बाटो अवलम्वन गर्दै न्यायालयको अधिकार समेत आफ्नो खल्तीमा हालेर बसेका छन् । यदि उनले साच्चिकै मुलुकको हित र व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न सकेका भए उनले प्रधानन्यायाधीशबाट पहिला नै राजिनामा दिन सक्थे । जसले जे जस्ता वात लगएपनि २०४७ सालको संविधानले न्यायालयलाई अन्तर्राष्ट्रिय मापदण्डमा पुर्‍याइएको थियो । विशेषतः सार्वजनिक सरोकारका विषयमा अदालतले त्यसबेला गरेका निर्णयहरूले अन्य प्रजातान्त्रिक मुलुकहरूलाई समेत राम्रो पाठ सिकाएको थियो, तर जब खिलराज रेग्मी काजमा गएर मन्त्रिपरिषद् अध्यक्ष बने त्यसपछि कार्यकारी प्रमुखको हुकुम न्यायालयमा प्रवेश गर्‍यो । रेग्मी विरूद्धमा परेका १७ वटा मुद्दा एकै पल्ट विना बहस र छलफल खारेजीमा पर्नु त्यसैको परिणाम थियो । पछिल्लो समयमा सरकार विरूद्धका मुद्दाहरू सर्वोच्चको आँखामा पर्न सकेका छैनन् । रेग्मीले आफू आवश्यकताको सिद्धान्त अनुसार मन्त्रिपरिषद् अध्यक्ष बनेको उद्घोष गरे पनि त्यही आवश्यकताको सिद्धान्त अनुसार सर्वोच्चमा नर्फकने गरी किन उनले राजिनामा दिएनन् । त्यसैले प्रमाणित हुन्छ रेग्मीले पनि नेताहरूकै जस्तो धन्धुकारी प्रवृत्ति देखाएको हुनाले न्यायालय नराम्रोसँग पराजित भएको छ । न्याय हराएको छ, न्याय हराएको मुलुकका नागरिकहरूले अब न्याय खोज्न कार्यकारी प्रमुखकहाँ धाउनु पर्ने वाध्यता भएको छ ।

अन्तरिम संविधानका २५ वटा धाराहरू एकै पटक आदेशबाट संशोधन गरि अब मन्त्रिपरिषदको सिफारिसमा अन्य धाराहरू समेत संशोधन गर्न सक्ने आदेश राष्ट्रपतिबाट जारी भएपछि अब त्यस्तो आदेश व्यस्थापिका संसदबाटसमेत अनुमोदन गर्न नपर्ने गरी उर्दी जारी गरिएको छ । निर्वाचनको नाममा थोरबहुत सुरक्षित अनुहार रहेको संविधानलाई थप कुच्याएर जबर्जस्ती रूपमा जनताको चाहना भन्दै निर्वाचन को बहानाबाजी बनाएर संविधानको धज्जी उडाउने कार्यमा दलहरू नै लागेका हुनाले यी दलहरूले संविधान निर्माण नै गर्दैनन् भन्ने प्रमाणित भएको छ ।

devendrachudal@gmail.com

# नेकपा-माओवादी जनयुद्धतिर उन्मुख



राजन कार्की

नेकपा-माओवार्दी जनयुद्धतिर जाने तैयारी गर्न थाल्यो । मंसिर ४ मा अर्को कोतपर्व होला त ? अन्ततोगत्वा असन्तुष्टहरूले 'हिम्मत भए गोली हान' भनेर छाती थापे, दमन गरे 'छापामार युद्ध' हुन्छ भनेर घोषणा गरे । स्थिति तत्कालीन देउवा सरकार र माओवादीको जस्तो थियो, त्यस्तै देखिन थालेको छ । निर्वाचनका लागि सहमति बनाउने प्रयास गर्न राष्ट्रपति, सरकार र सिण्डिकेटले प्रयास नगर्दा अर्को जनयुद्ध हुने आहटहरू सुनिन थाल्यो ।

हुन त यो देशको सत्ता इतिहास भनेको हथियारले लेखिएको देखिन्छ । त्यो इतिहासले आजसम्म पनि नेपाललाइ पछ्याइ नै रहेको छ । हतियारले लोकतन्त्र आयो, गणतन्त्र घोषणा भयो, संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भएको र संविधानसभाको दोस्रो निर्वाचनमा पनि हतियार नै निर्णायक हुने सम्भाबनाहरू देखिएका छन् । लोकतान्त्रिक नेताहरूमा हतियार र बाहुबलीको दम्भ बढेर गएको छ । नेपालको सत्ता इतिहासको वर्तमान कालखण्ड पनि हतियारले नै लेखिन निश्चित सम्भाबनाहरू देखिएका छन् ।

जंगबहादुर राणाले कोतपर्व नै गरेर जहाँनिया राणा शासनको जन्म गराए । यो राणा शासन फालिन १०४ वर्ष लाग्यो, २००७ सालमा प्रजातन्त्रको उदय भयो । दिल्ली पुगेपछि राणाहरू बाठो बन्दै बालक ज्ञानेन्द्रलाई गद्दीमा राखेर 'सानो महाराज' बनँइसकेकाले भारतीय दँतावास भएर दिल्ली पुगेका त्रिभुवनलाई नेहरूले बाध्य भएर पो फर्काएका थिए कि ? राणाहरूको उपरलाउके कामले पो नेपाल त्यतिबेला बाँचेको थियो कि ? पछि नेहरूले किन हिमालय हाम्रो उत्तरी सीमा भने ? भारतीय मेलेट्री साइन्सका ज्ञाता कर्नल गौतमले आफ्नो पुस्तकमा '२००७ सालमा नेपाललाई भारतमा नमिलाएर हिमालय भँल गरेको उल्लेख गरेका छन् ।' यो इतिहास हो, बढ्दो विदेशी चलखेल, हस्तक्षेप र विदेशपरस्त नेताको वर्तमान हाम्रा आँखासामु छर्लङ्ग छैन र ?

युग कवि सिद्धिचरण बितेर गए तर उनले लेखेका थिए 'कति दिन चल्ने छ यो बेढंगको चाला, बालुवाको घरजस्तै भत्किने छ सारा ।' भत्कियो, २०३६ सालको जनमत संग्रहले १० वर्ष टालेको घर २०४६ सालको जनबाढीले बगायो । बहुदल त आयो, त्यसपछि सुरू भएको १२ वर्षे कँशासनले पञ्चायती शाही शासन बदलिएर बहुदलीय शाही शासन आयो । त्यो शासनले पनि युवाहरूलाई, राष्ट्रिय शक्तिहरूलाई समेट्न सकेन । तुलसी गिरीजस्ता जन्मभँमि, पहिचान, धर्म छाडेर बिधर्मी, विदेश पलायन भएकालाई पो आयात गर्नपुग्यो । मागेको भीख बाटैमा ठीक भनेझैं भयो आयातितको शासन । देशमा जनयुद्ध र आन्दोलनको डढेलो लागेको थियो, त्यही बिधर्मीले 'म जनयुद्धकारी, आन्दोलनकारीलाई चिन्दिन' भन्यो र राजाले आदेश दिए फरिया लाउँछु भन्ने शैली थाङ्ने कुरा नै अघि सार्‍यो । हिलोमा किलो गाडेर केही सुरक्षित हुनसक्दैन । जरा नभएको रूख ढल्छ, ढल्यो । ढल्यो, त्यस्तै भयो र बाध्य भएर राजालाई प्रधानमन्त्री बन्ने लहड चल्यो । लहडले राजकाज चल्दैन । चलेन र २०६३ साल वैशाख ११ गते करण सिंहलाई साक्षी (भारतका दँत) राखेर मरेको संसद ब्यँताउनु पर्‍यो । संसद के ब्यँतियो, राजतन्त्रका दुर्दिनहरू सुरू भए । दुर्दिनको अन्तिम दिन हुनपुग्यो- २०६५ साल जेठ १५ । अवैधानिक रूपमा आएको प्रस्तावमा टेबुल ठटाएर बैधानिक राजतन्त्र समाप्त पारियो । पञ्चायत, बहुदलको अनुहारमा लोकतान्त्रिक गणतन्त्रको मेकअप गरियो । त्यसरी सुरू भएको राजनीतिक दलका नेताहरूको हालीमुहाली अहिलेको चार दलीय संयन्त्र हो । जसले संविधान संशोधन गर्नसक्छ, मन्त्रिपरिषदसमेत जन्माउन सक्छ । सुपर संबैधानिक शक्ति भने हुन्छ, यो असंवैधानिक, अलोकतान्त्रिक संयन्त्रलाई । २०६९ साल फागुन मसान्तमा यही भयो र चैत १ गते न्यायपालिका प्रमुख खिलराजलाई कार्यपालिका र व्यवस्थापिका समेत चलाउने पञ्जापत्र दियो । १२१५ को म्याग्नाकार्टा भन्दा कम छैन खिलराजको आश्चर्यजनक उदय र उनको वर्तमान राजकाज ।

खिलराजले पाएको म्याण्डेट भनेको मंसिरमा निर्वाचन गराउने हो । उनी कामचलाउ सरकार प्रमुख हुन् । तर, उनका निर्णय र निर्देशनहरू हेर्दा लाग्छ, उनी लेण्डुपका नयाँ अवतार हुन् । सर्वशक्तिमान छन् । श्री ४ को आशीर्वादमा उनी जे पनि गर्न तैयार छन् । तर, श्री ४ ले भन्यो- असन्तुष्ट बैद्यसहितको ३२ दल निर्वाचनमा आउँछन् भने प्रधानन्यायाधीश पदबाट राजीनामा दिने कि ? खिलराजले ठाडै इन्कार गरिदिए, राजीनामा दिनुपर्ने भए सरकार प्रमुख छाडिदिन्छु, प्रधानन्यायाधीश पद त ज्यान गए छाड्दिन । खिलराजको यो भनाइले खिलराज देशमा निर्वाचन चाहन्छन् भन्ने देखिन्न । निर्वाचन जसरी पनि गराउँछु भन्ने खिलराजको प्रतिवद्धता यहीँनेर तुहिनपुग्यो । 'देशले रगत मागे मलाई बली चढाउ' भन्ने देशका नागरिक होइन रहेछन् खिलराज । निर्वाचन भयो भने खिलराजकै इतिहास लेखिन्छ । खिलराज महान कर्मचारीमा गनिन्छन् । फेरि किन खिलराज एउटा पदबाट राजीनामा गर्न इन्कार गरिरहेका छन् ? खिचलो स्थितिमा निर्वाचन भइहाले पनि त्यस्तो निर्वाचनले बैधानिकता पाउन सक्दैन । वर्तमान कालखण्डको कलंक हुन तैयार खिलराज कतिसम्म पदमोही रहेछन् ? कस्ता व्यक्तिलाई प्रचण्डले प्रस्ताव गरेछन् र सिण्डिकेटले सहीछाप र राष्ट्रपतिले लालमोहर ठोकेछन् ? यतिखेर खिलराज भनेको राष्ट्रघातीका पर्याय बनेका छन् । शान्ति, निर्वाचन र संविधानका बिरोधीका रूपमा दर्ज भएका छन् । उनीप्रति जनतामा घृणाभाव फैलिदै गएको छ । अमर्त्य सेनले लेखेका थिए- गुलाफमा रङ्मात्र होइन, सुगन्ध हुनुपर्छ । खिलराजमा रङ् त छ, सुगन्ध छैन, दुर्गन्ध अनुभव गर्न थालियो । देशबाट सकेजति लिने, देशलाई परिआएको बेलामा केही दिन नसक्ने भए खिलराजले । खानका काल, देख्नका डाल बने खिलराज । खिलराजकै हठका कारण निर्वाचनका सामु प्रश्नचिन्ह खडा हुनपुगेको छ । यो प्रश्नचिन्हले नरसंहार, रक्तपातसम्मको संकेत गरिसकेको छ । खिलराजका सामु अझै समय छ, जनयुद्ध, जनआन्दोलनले नसकेको क्रान्तिकारी बन्ने, इतिहास पुरूषमा दर्ज हुने अवसर । दु:खको कुरा उनको हठी स्वभावले उनलाई त्यतातिर आकर्षित गरेको देखिन्न ।

माओले भनेका थिए- सयौं फँलहरू फुलाउ, सयौं विचारहरूको मन्थन गर र निकास निकाल । राष्ट्रपति सहजकर्ता बने, चार दलले बैद्य समँहको ३२ दलसँग मन्थन त गरे तर, निकास दिन सकेनन् । चार दलका माउ आफँलाई माओवादी भन्छ । माओवादी भन्नेहरू कसरी

**खिलराजले पाएको म्याण्डेट भनेको मंसिरमा निर्वाचन गराउने हो । उनी कामचलाउ सरकार प्रमुख हुन् । तर, उनका निर्णय र निर्देशनहरू हेर्दा लाग्छ, उनी लेण्डुपका नयाा अवतार हुन् । सर्वशक्तिमान छन् । श्री ४ को आशीर्वादमा उनी जे पनि गर्न तैयार छन् । तर, श्री ४ ले भन्यो- असन्तुष्ट बैद्यसहितको ३२ दल निर्वाचनमा आउाछन् भने प्रधानन्यायाधीश पदबाट राजीनामा दिने कि ? खिलराजले ठाडै इन्कार गरिदिए, राजीनामा दिनुपर्ने भए सरकार प्रमुख छाडिदिन्छु, प्रधानन्यायाधीश पद त ज्यान गए छाड्दिन ।**

लोकतन्त्रको अभ्यासमा पसे, बसे र लोकतन्त्र नै हाँक्छु भनिरहेको छ, यो प्रजातान्त्रिक र कम्युनिष्ट दुबैका लागि अर्को आश्चर्य हो । ०१५ सालमा ४ सिट जितेका कम्युनिष्ट २०६४ सालको संविधानसभामा ६२ प्रतिशतले प्रतिनिधित्व गरेका थिए । नतिजा के निस्कियो ? झण्डै प्रचण्डले १२६ जातिलाई एकदोस्राबीच नै मारामार गराइदिएका थिए । नेपाललाई कुरूक्षेत्र नै बनाइदिएका थिए । आज तिनै कमरेड भन्छन्- हामी एकलजातीय पहिचानको पक्षमा कहिल्यै थिएनौं । हामी संविधान लेख्नुपर्छ भन्ने पक्षमा छौं । उनीहरूको यही पक्ष हो भने उनीहरूले किन संविधान निर्माणका लागि शठपन त्याग्न सकेनन् ? आफ्नै एजेन्डालाई आफ्नै काखमा राखेर राँगो रेटेझैं रेटे अनि भैंसी -महिष) पँजा गरेर शक्तिको उपासना गर्न पुगे ? अहिले किन असन्तुष्टका सामान्य मागलाइ संवोधन गर्न तैयार भएनन् ?

यिनै श्री ४ को वर्णशंकर सन्तान हो- खिलराज सरकार । लोकशाहीमा कहाँबाट, कसरी, कसको निर्देशनमा उत्पत्ति भयो यो बर्णशंकर ? श्री ४ सिण्डिकेटको मञ्चमा बिराजमान भएर दङ्दास भए पनि सार्वभौमशक्ति जिल्लाराम छ । केही दिन अघिमात्र ओशो तपोवन पुगेका थिए- प्रधानन्यायाधीश तथा वर्णशंकर सरकार प्रमुख खिलराज रेग्मी । ओशोबाट प्रभावित भएको कुरा गरे, केहीछिन् ओशोको ध्यानमा लीन भएर फर्किए । बालुवाटारको सरकारी निवास र सिंहदरवारको बेलायती बैठकमा पुग्नासाथ उनले ओशो बिर्सिए । ओशोले भनेका थिए- 'नयाँ मार्गमा जाने साहस सानु बच्चाले आमाको गर्भ छोड्नु जस्तै हो ।' देखावटी ध्यानले साहस प्राप्त हुनेवाला थिएन, सत्तालोलुप र स्वार्थको कन्टनेर बनिसकेका खिलराजको अन्तरआत्मामा गत्यारोधको बन्धक बनेको मुलुकलाई निकास दिन्छु, म पनि इतिहास बनाउँछु भन्ने हिम्मत टुसाउँदै टुसाएन । बेला बेलामा प्रचण्ड पनि पुग्छन् ओशो आश्रम । कर्मचारी खिलराज र राजनीतिज्ञ प्रचण्डको एउटै हालत छ, मेकियाभेलीको भनाइजस्तै । 'महत्वकांक्षा मानव हृदयको यति शक्तिशाली अभिलाषा हो कि हामी चाहे कति नै उच्च पदमा पुगे पनि सन्तुष्ट हुन सक्दैनौं ।' कार्यकारी राष्ट्रपतिको महत्वाकांक्षा फलाउन, फुलाउन मुलुकलाई रण्डखाल बनाइरहेका प्रचण्ड सन्तुष्ट छैनन् । संयन्त्रको सोचकर्ता प्रचण्ड र खिलराजको सरकार दुबै सन्तुष्ट छैनन् । उनीहरूभित्र सत्ता, शक्ति र सम्पत्तिको तिर्खा यसरी बढेर गएको छ कि उनीहरूलाई मुलुकको शान्ति, स्वच्छ र सर्वमान्य निर्वाचन, सर्वग्राह्य संविधान र लोकतन्त्रको प्राकृतिक बहावसँग मतलव नै हुन छाड्यो । जसरी पनि 'मेरो गोरूको बाह्रै टक्का' यिनलाई यत्ति थाहा छ । सिण्डिकेटका अरू सदस्य हुन्- नेपाली कांग्रेस, एमाले र मधेसी मोर्चा । यिनीहरू ५० को दशकमा माओको अफिम युद्धको समयमा झैं प्रचण्डको सत्ताचालमा लठ्ठिन पुगेका छन् । प्रजातन्त्रका अभ्यासकर्ता यी तिनै दल १९५१ मा सुरू भएको समाजवादसमेत बिर्सिन पुगेका छन् । यिनलाई पार्टीका होनहार युवा बर्गले होसमा ल्याउने जबरजस्त प्रयत्न गरेको पनि देखिन्न । चुनाव मंसिर ४ मै हुनुपर्छ भन्ने प्रचण्डको थेगो टपक्कै टिपेर सुगारटान दिने यी प्रजातन्त्रवादीहरू त्यही सुगाजस्तो भएका छन्, जुन सुगा वर्षौंपछि पिंजडाको ढोका खोलिदिए पनि पिंजडाबाट बाहिर निस्कदैन, उड्दैन, सारा आकाश, स्वतन्त्रता अगाडि छ, आफँसँग उड्नका लागि पखेंटा पनि छ तर सुगा उड्दै उड्दैन । किनभने उसले उड्ने कुरा बिर्सिसकेको हुन्छ । प्रजातान्त्रिक महिमा जिवन्त नहुँदा बिधि अपाङ्ग हुनपुग्यो, कार्यपालिका 'पाल्पाली'मा सिमित हुनगयो, न्यायपालिकाभित्र मनलागीतन्त्र पस्यो, व्यवस्थापिका प्रधानन्यायाधीशको खेलौना बन्यो । प्रजातन्त्रका मर्यादाहरू राजनीतिक दलहरूबाट दिनदिनै बलात्कारका सिकार भइरहेका छन् । सुशासन बाहुबलीमा रूपान्तरण हुनुको मुख्य कारण ठँला चार दलले आफँलाई श्री ४ को थान्कोमा राख्नु, यिनको यही शठ र निर्वाचन गराउने दायित्व बोकेर बनेको सरकार प्रमुख खिलराज रेग्मीको हठ हो । यही शठ र हठको जाँतोमा नेपाल राष्ट्र र नेपाली जनताको भाग्य र भविष्य धुलो पिठो भएर पिसिन थालेको छ । विदेशीहरू निर्वाचन मंसिर ४ मै गर, सहयोग हामी गर्छौं भनिरहेका छन्, निर्वाचनको वातावरण उनीहरू नै भित्रभित्र बिथोलिरहेका छन् । यो हुँडलोलाई थेग्ग्राउने र संग्ल्याउने कर्तव्य कसैले पनि पँरा गरिरहेका छैनन् । कर्तव्यच्यँतहरूको हालीमुहाली शासन, सत्ता, सडक, समाजमा ब्याप्त हुँदैछ । नेपाल र नेपाली हार्दै गइरहेका छन् । ३ करोड ६५ लाख जनसंख्या भएको मुलुकका १ करोड युवा विदेशीइसकेको स्थितिमा राजनीतिक स्वार्थको बसमा उच्चाटन भएर यसैगरी हामीले आत्मनिर्णयको अधिकारलाई खुम्च्याउँदै गयौं भने 'ओल्लो किनार कि पल्लो तिर' कहाँ पुगौंला ? चिन्ता गर्ने, चासो राख्ने र एक नेपालीत्वको आत्मरक्षाका लागि अगुवा बन्ने को ? बिगतलाई निरङ्कँश भनेर सराप्दै, वर्तमानलाई अँध्यारो सुरूङतिर धकेल्दा कसरी भविष्यको बिहानी आउन सक्छ ? नेताहरू त हठ र शठको रोगी बने, निरोगी जनताले पो आत्ममिमांसा गरेर घर-घरबाट निस्कने हो कि ? जनता सडकमा ननिस्केसम्म हठ र शठको बशमा परेकाहरू नबिउँझने भए ।


## नेपालको सूचिकृत आदिवासी जनजाति वर्गीकरण

**सरकारी मानव विकास सूचकांक २०५८ (साक्षरता दर, पक्की घर, भूमीको स्वमित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक स्थिति) को आधारमा वर्गीकरण गरिएका नेपालका आदिवासी जनजातिहरूको सूची :**

**(क) लोपोन्मुख समुह**

१. कुसुण्डा २. वनकरिया ३. राउटे. ४. सुरेल ५. हायू ६. राजी ७. किसान ८.लेप्चा ९. मेचे १०. कुशवाडिया

**(ख) अति सिमान्तिकृत समुह**

१. माझी २. सियार ३. ल्होमी(शिङ्सावा)४.थुदाम ५. धानुक ६.चेपाङ ७.सतार (सन्थाल) ८. थामी ९. झांगड १०. वोटे ११. दनुवार १२. वरामु

**(ग) सिमान्तिकृत समुह**

१. सुनुवार २. थारू ३. तामाङ ४. भुजेल ५. कुमाल ६. राजवंशी ७. गन्गाई ८. धिमाल ९. भोटे १०. दराई ११. ताजपुरीया १२. पहरी १३.तोक्पेगोलो १४. डोल्पो १५.फ्रि १६. मुगाल १७. लार्के १८. ल्होपा १९. दुरा २०. वालुङ

**(घ) सुविधा वञ्चित समुह**

१. गुरूङ २. मगर ३. राई ४.लिम्बु ५. छैरोतन ६. ताङ्बे ७. तिनगाउले थकाली ८. वाह्रगाउले ९. मार्फाली थकाली १०. शेर्पा ११.याक्खा १२. छन्त्याल १३. जिरेल १४. ब्यासी १५. हयोल्मो

**(ङ) उन्नत समुह**

१. नेवार २. थकाली

नेपाल सरकार

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

जावलाखेल, ललितपुर, फोन नं. : ५५५३१७५, फ्याक्स : ५५५३१४८

वेभसाइट : www.nfdin.gov.np

# The story of 'shining' India!

■ Kuldip Nayar

THAT India is an economic mess is known all over the world. What is not yet public is that the malaise was because of the wrong decisions which President Pranab Mukherejee took when he was Union Finance Minister from January 2009 to mid-2012 and when Finance Minister P Chidambaram was heading the ministry nearly till the end of 2008 and before. Mukherjee lives in the luxuries of Rashtrapati Bhavan and Chidambaram shields himself behind tall promises he still makes to mend the economy. Both of them are accountable. They should tell why they took the steps which disturbed the rhythm of progress. Because of lack of transparency in the affairs of government, only a handful of people know about the blunders the two committed.

One of the decisions taken by Mukherjee was to impose the Rs 1200-crore tax with retrospective effect on a foreign mobile company. After having lost the case in the Supreme Court on September 8, 2010, the government promulgated an ordinance before amending the Finance Act 2012. The retrospective clause in the act has scared away foreign investment which India badly needs. A bagful of concessions has not brought the Walmart yet to the Indian soil. Foreign investors have withdrawn a large sum of money, which they had invested. In a few weeks, as much $200 billion has reportedly gone out. The outflow has not stopped yet. Prime Minister Manmohan Singh did not anticipate the repercussions. In fact, after seeing the mess Chidambaram had created in 2008, the Prime Minister should have taken over the finance ministry himself because of his expertise in economic matters. Unfortunately, his own record as Coal Minister does not hold promise but the Prime Minister would have done better in finance.

India should have been exporting coal, as it did, instead of importing it. Manmohan Singh may not be personally responsible for the corruption in the allotment of coal blocks. But the bungling runs into thousands of crores of rupees. The full story may not yet come out because some files are missing. The government has admitted this before the Supreme Court. The government uses the word "so-called files". According to CBI as many as 157 files are missing. The missing files reportedly have some letters and noting on the allotment of coal blocks. The Prime minister cannot absolve himself of the responsibility that he was not the custodian of the files. He was in charge of coal portfolio.

A top CBI official, who is probing into the scandal, has said that there may be a need to "examine" Prime Minister, who was in charge of the ministry from 2006 to 2009. Could the Prime Minister have connived at what the ministry had been doing because his personal integrity is beyond reproach? The Prime Minister could have done something to bring the culprits to book but he could not because he is politically weak. His other fault was that he depended too much on Mukherejee and put him as the chairman of several committees of Group of Ministers, entrusted with task of finding solutions to intractable problems. Unfortunately, Mukherjee had no time for his own ministry and situation began deteriorating.

The crisis has been aggravated by the galloping inflation (10 per cent). An average person whose income had remained what it was even as his expense has gone up because of the ever-increasing price of essential commodities. His cost of living would have been still higher if the government was not subsiding petrol, diesel, cooking gas and the like. According to IMF, the 20 per cent of the top in India enjoys more subsidies than the 20 per cent below.

The elite are too powerful to be touched. Top business houses finance many MPs who see to it that no harm comes to their houses. Lok Sabha elections are due in 10 months' time. On an average, a Lok Sabha seat requires an expenditure of Rs. 10 crore. The political parties are already in touch with the business houses for funds. How can they challenge them for their malpractices? This is confirmed by the unanimity all parties in staving off the Chief Information Commissioner's ruling that the RTI (right to information) will be applicable to the working of political parties. Yet the immediate problem is how to get over the present financial crisis. The Prime Minister has himself admitted in Parliament that "the country is facing a difficult time". It can justifiably be argued that the bungling is because of the government. There is no governance, no leadership and no guidance.

I do not know what reforms the Prime Minister has in mind. He has to reformulate economic policies so that there are employment opportunities, essential goods are cheap and the growth rate, now back to the Hindu growth rate of 4 per cent in the '50s and '60s, picks up. Manufacturing is stuck at a mere 3 per cent and a bit of increase is not even a flash in the pan. I wish there had been fresh elections, as I had argued three months ago. The uncertainty which puts off investors would have been over by now and the people would also have settled down to a new elected government. But MPs of most political parties, particularly those of the Congress, want to enjoy the full tenure of five years. Many of them know that they may not be re-elected.

The anxiety over political scene is casting a shadow on the future. Unless there is a sweep by one party, which does not seem likely, the next government will also be a coalition. It may not be in a position to take hard decisions which India needs to overcome the deepening crisis. That the political parties should have the consensus on basics goes without saying. But this may not be possible before elections. But that is what country needs whether it happens now or later. May be, I am on wrong track. Probably, story of India looks like over, at least for years to come.

*The writer is a veteran Indian journalist, syndicated columnist, human rights activist and author.*


नेपाल सरकार
अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभागको सूचना

तपाईंको घर, छिमेक, टोल र समुदायमा कसैले कालो धन्धा, अवैध सामानको ओसारपसार, कर छली जस्ता क्रियाकलापबाट अकुत सम्पति कमाई आर्थिक अपराध तथा सामाजिक प्रदुषण गरेको वा आयकर,मुल्य अभिबृद्धि कर, भन्सार महशुल, अन्तशुल्क गैरकर छली गरी राजस्व चुहावट गरेको वा विदेशी विनिमयको अपचलन तथा सम्पति शुद्धिकरण जस्ता गलत आर्थिक आचरण गर्ने ब्यक्ति वा संस्थाको जानकारी दिनुहोस । तपाईको नाम र ठेगाना गोप्य रहनेछ । तपाईले दिएको अमूल्य सूचनाले राष्ट्रको ढुकुटी बढाउनमा महत्वपुर्ण योगदान पु–याउने छ । तपाईले दिएको सूचना वापत कानुन बमोजिम पुरस्कृत समेत गरिने छ ।

टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७, ०१५५२७८८५, ०१५५५१८०२
टोल फ्रि नं. १६६०-०१-५५०००, फ्याक्स नं. : ०१-५५४२०२३





# श्रीमतीले मानसिक सन्तुलन गुमाए उपाचार कि अर्को विवाह ?

**मानसिक समस्या बढ्दै जाादा स्याङजाकी ३८ वर्षीया मनकुमारी गुरुङलाई परिवारका सदस्यले सडकमा जान बाध्य हुने अवस्था तुल्याइदिए। उपचारको साटो सडकमा पुर्यागउादा उनले यौनहिंसाको सिकार हुनुपर्यो। मानसिक रोगी भएपछि सडकमा पुगेकी गुरुङको पनि एक वर्षकी छोरी छिन्। घरबाट निकालिएपछि बेवारिसे अवस्थामा बाटोमा भौतारिएकी उनले बाटोमै दुई सन्तानलाई जन्म दिइन्। चार सन्तानकी आमा मनकुमारीको दुई सन्तान पहिलो श्रीमानसाग भए पनि तेस्रो सन्तान कहाा छ? पत्तो छैन। मनकुमारी भनछिन्, ...बच्चा जन्मिएपछि केटाको घरमा गएकी थिएा, घरकाले छोरा विदेश गएको छ, हामीलाई केही थाहा छैन भनेर फर्काइदिए । मानसिक सन्तुलन बिग्रिएपछि घरबाट निकालिएको मात्र होइन, अपरिचित व्यक्तिबाट पटक ? पटक बलात्कारको सिकार हुनुपरेको घटनाले महिलालाई झनै पीडित बनाएको छ।**

*मीना शर्मा*

मानसिक समस्या देखिएपछि घरबाट निकालिएकी नुवाकोटकी ३५ वर्षीया भँमि खड्का अहिले रोगको उपचार गराइरहेकी छिन् । ललितपुरको एक सेल्टरमा बसेर उपचार गराइरहेकी खड्कालाई बिरामी भएपछि श्रीमानले दिएको यातनाले बेघर बनाएको थियो । घरबाट निकालिएपछि सडकमा पुगेकी भँमि बलात्कारको सिकारसमेत भइन् । जसको परिणाम उनको साथमा अहिले सात महिनाको बालक छ ।

महिलाअधिकारबारे धेरै आवाज उठे पनि अहिलेसम्म कायम रहेको मुलुकी ऐनको व्यवस्थाले उनलाई सडकको बास बनाएको हो । मुलुकी ऐनले श्रीमतीको मानसिक सन्तुलन ठीक नभए श्रीमानले अर्को विवाह गर्न छुट दिएको छ । यही सुविधाको उपयोग गर्दै भँमिका श्रीमानलले पनि अर्को विवाह गरे । ऐनमा मानसिक सन्तुलन ठीक नभए नेल ठोकेर राख्न पाउने कुरालाई छुट दिएकाले अहिले पनि सामाजिक व्यवहारमा परिवर्तन आउन नसकेको बताउँछन् अधिवक्ता सविन श्रेष्ठ । उनी भन्छन्, 'संविधानमा समेत उपचार गर्न पाउने अधिकारमा मानसिक रोग नसमेटिएकाले मानसिक रोगीको उपचार र पुनर्स्थापनाका लागि समस्या देखिएको छ ।'

मानसिक समस्या बढ्दै जाँदा स्याङजाकी ३८ वर्षीया मनकुमारी गुरूङलाई परिवारका सदस्यले सडकमा जान बाध्य हुने अवस्था तुल्याइदिए । उपचारको साटो सडकमा पुर्यागउँदा उनले यौनहिंसाको सिकार हुनुपर्यो । मानसिक रोगी भएपछि सडकमा पुगेकी गुरूङको पनि एक वर्षकी छोरी छिन् । घरबाट निकालिएपछि बेवारिसे अवस्थामा बाटोमा भौँतारिएकी उनले बाटोमै दुई सन्तानलाई जन्म दिइन् । चार सन्तानकी आमा मनकुमारीको दुई सन्तान पहिलो श्रीमानसँग भए पनि तेस्रो सन्तान कहाँ छ? पत्तो छैन । मनकुमारी भनछिन्, 'बच्चा जन्मिएपछि केटाको घरमा गएकी थिएँ, घरकाले छोरा विदेश गएको छ, हामीलाई केही थाहा छैन भनेर फर्काइदिए ।' मानसिक सन्तुलन बिग्रिएपछि घरबाट निकालिएको मात्र होइन, अपरिचित व्यक्तिबाट पटक ? पटक बलात्कारको सिकार हुनुपरेको घटनाले महिलालाई झनै पीडित बनाएको छ ।

श्रीमानले छाडेपछि तीन छोराछोरीको हेरचाह गर्ने समस्यासँग जुध्न नसकेर मानसिक सन्तुलन गुमाएकी गुल्मीकी सावित्री राईको कथाले महिलामा मानसिक रोग लाग्नुको अर्को कारण उजागर गर्छ । गुल्मीमा ज्यालादारी गरेर छोराछोरी हुर्काइरहेको बेला मानसिक रोग लागेपछि भौँतारिँदै काठमाडौं आएकी उनलाई असार दोस्रो साताको एक दिन काठमाडौंस्थित धोबीखोलाको पुलमा छोराछोरीलाई खसाल्न लागेको देखेर प्रहरीले पक्राउ गरेको थियो । उपचारपछि निको हुँदै गरेकी सावित्री भनछिन्, 'आफँले जन्माएका बच्चालाई कसरी मार्न सक्थैं र ? मलाई फिल्ममा जस्तो एक्टिङ गर्न मन लागेको थियो, बच्चा उफार्दै गर्दा प्रहरीले समात्यो ।' मानसिक समस्याको पीडा भोगिरहेका धेरै महिलाले उपचारभन्दा अपहेलना सहनुपरेको देखिन्छ । अहिले पनि छोराछोरी भएको ठाउँमा पुर्याडइदिन आग्रह गर्ने सावित्रीका परिवारका सदस्य सम्पर्कमा आउन चाहँदैनन् ।

त्यस्तै काठमाडौंको सडकमा बेवारिसे अवस्थामा हिँडिरहेको समयमा उद्धार गरिएकी छाया क्षेत्री पनि काठमाडौंबारे अनभिज्ञ छिन् । श्रीमानल् सवारीचालक रहेको बताउने क्षेत्री नेपालभन्दा भारतबारे धेरै कुरा गर्छिन् । कसैसँग धेरै बोल्न नरूचाउने क्षेत्रीलाई पनि कुनै आफन्त खोज्न आएका छैनन् ।

मानसिक रोग लागेका बिरामीलाई परामर्श दिने गरेको नेसनल मेन्टल हेल्थ सेल्फ-हेल्प अर्गनाइजेसन कोसिसका सामाजिक परिचालक कृष्ण थापा काठमाडौंमा भेटिने मानसिक समस्या भएका महिला बिरामी प्रायः उपत्यकाबाहिरबाट आएको पाइएको बताउँछन् । उनीहरूलाई राजधानीका ठाउँबारे केही थाहा नहुने भएकाले पनि उनीहश्रले धेरै समस्या भोग्नुपरेको उनको अनुभव छ । मानसिक समस्या निको गराउने आशामा औषधि खाँदै आएका महिलालाई अहिले कुनै पनि परिवारका सदस्य भेट्न आउँदैनन् । परिवारमा सम्पर्क गरी तपाइंको आफन्त हामीकहाँ छन् भन्दा पनि कुनै वास्ता नगरेको बताउँछन् कोसिसका सामाजिक परिचालक कृष्ण । श्रीमतीलाई बाटोमा छाडिदिए पनि श्रीमानलाई समस्या हुँदा श्रीमतीहरू भने श्रीमानलको उपचारमा जुटेका धेरै उदाहरण भेटिन्छन् । मानसिक समस्या भोगिरहेका ललितपुरका शिव खड्कालाई श्रीमतीले मानसिक अस्पतालमा उपचार गराइरहेको एक उदाहरणलाई लिँदा यो पर्याप्त हुन्छ । आठ महिनादेखि उपचार गराइरहेका शिवलाई श्रीमतीसँगै परिवारको पनि उत्तिकै साथ छ । तर, मानसिक समस्या भएका महिलालाई न त श्रीमानलको साथ छ न त परिवारले नै हेर्छ । मानसिक अस्पताल पाटनका पूर्वनिर्देशक तथा वरिष्ठ मनोविज्ञ डाक्टर कपिलदेव उपाध्याय भन्छन्, 'विशेषगरी पुरूषभन्दा महिला बढी पीडित छन् । महिलालाई मानसिक रोग लागेको थाहा पाएपछि परिवार र श्रीमानले समेत छाड्छन्, सम्पतति पनि दिँदैनन् ।' मानसिक रोगको समस्या औषधिले ६० प्रतिशत कम गरे पनि ४० प्रतिशत मनोपरामर्श, सामाजिक र पारिवारिक वातावरणमा भर पर्ने भएकाले सबैमा यस्तो कुराको जानकारी हुनुपर्ने मनोविज्ञ उपाध्यायको भनाइ छ । हाम्रो समाजमा अहिले पनि मानसिक समस्या निको हुन्छ भन्नेबारे धेरै अनभिज्ञ भएकाले त्यसको प्रत्यक्ष मारमा महिला परेका छन् ।

वरिष्ठ मनोविज्ञ डा. उपाध्यायका अनुसार मानसिक रोगलाई औषधिसँगै पूर्ण श्रपमा ठीक पार्न मनोपरामर्श दिँदै सामाजिक र पारिवारिक वातावरण बिरामीमैत्री बनाउनुपर्छ । तर, महिलाले त्यस्तो खालको वातावरण पाउन सकेका छरैनन् । रोग लाग्नुको कारण पत्ता लगाउँदै लामो समय लगाएर उपचार गर्नुपर्ने यो रोगलाई 'पागल ? भनिनु सबैभन्दा ठँलो समस्या रहेको उनी बताउँछन् । बिरामीलाई बेवारिसे अवस्थामा बाटोमा छाडिदिने समस्या रहेको बताउँदै त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जका मनोचिकित्सक तथा सहप्राध्यापक डा. सरोजप्रसाद ओझा भन्छन्, 'आफँ रोगी रहेकोसमेत थाहा नहुने मानसिक रोगीलाई माया दिँदै धैर्यपूर्वक उपचार गरेर मात्र निको पार्न सकिन्छ ।' तर, बाटोमा बेवारिसे अवस्थामा छाडिँदा धेरै महिला मानसिकसँगै शारीरिक हिंसामा पर्ने गरेका छन् ।

'मानसिक अश्रजस्तै रोग भएको र यो उपचार गरेर ठीक पार्न सकिन्छ भन्ने आममानिसलाई बुझाउनु चुनौती रहेको छ,' नेसनल मेन्टल हेल्थ सेल्फ-हेल्प अर्गनाइजेसन कोसिसका प्रमुख मातृका देवकोटाले भने । उनका अनुसार ठँला र जिल्ला अस्पताल तथा स्वास्थ्यचौकीमा मानसिक रोगका विज्ञ नहुनु तथा विज्ञ भएका ठाउँमा पनि एकीकृत परामर्श र उपचारको व्यवस्था नहुनु अर्को समस्या हो । मानसिक सन्तुलन बिगँरदा श्रीमानले अर्को विवाह गर्न पाउने व्यवस्थाको अन्त्य गरी अनिवार्य औषधि गर्नुपर्ने व्यवस्था नभएसम्म समस्या रहिरहने उनको बुझाइ छ ।

विश्व स्वास्थ्य संगठनको एउटा तथ्याङ्कले नेपालको जनसङ्ख्याको २० देखि ३० प्रतिशतमा कुनै प्रकारको मानसिक समस्या रहेको बताउँछ । तर, मानसिक रोगी बढ्नुको कारण नखोजिएकाले यो रोगको नियन्त्रण अभियान पनि राम्रोसँग चलाउन नसकिएको विज्ञहरू स्वीकार्छन् । सहप्राध्यापक डा. ओझा एकल परिवारमा बाँडिँदै गरेको नेपाली समाजमा समस्या पर्दा साथदिने कोही नहुने कारण तथा बढ्दै गरेको प्रतिस्पर्धा र सङ्घर्षको बोझले मानसिक रोग बढेको हुनसक्ने अनुमान गर्छन् । विदेशमा गएका महिला उतैको समस्याले मानसिक रूपमा पीडित हुने तथा मुलुकमै रहेकालाई पनि यहाँको सामाजिक र आर्थिक परिस्थितिले कायल बनाउँदै मानसिक रोगी बनाउँदै लगेको र उपचार नपाउँदा समुदायमा समस्या बढ्दै गएको छ ।

सामुदायिक मानसिक स्वास्थ्य केन्द्र, नेपाल (सीएमसी) ले १२ जिल्लामा गरेको सर्वेक्षणले मानसिक रोगका चार हजार ४८ जना बिरामी बढेको देखाएको छ । ती जिल्लामा पहिले नै ६ हजार ६ सय ८० मानसिक रोगी थिए । त्यो सर्वेक्षणले ६३ प्रतिशत महिला र ३७ प्रतिशत पुरूषमा देखिएको मानसिक रोगमध्ये २७ प्रतिशतमा डिप्रेसन, सात प्रतिशतमा साइकोसिस, ४३ प्रतिशतमा एनजाइटी डिसअर्डर, ११ प्रतिशतमा इपिलेस्पी, पाँच प्रतिशतमा कन्भरसन डिसअर्डर र बाँकी सात प्रतिशतमा समस्या रहेको देखाएको थियो ।

समुदायमा हुने विभिन्न प्रकारका समस्यासँग जुध्न नसकेर होस् वा वैदेशिक रोजगारमा जाँदा भोगेको पीडाले धेरै नेपालीले कुनै न कुनै किसिमको मानसिक समस्या भोगिरहेका छन् । त्यसैले मानसिक रोग लागे अर्को विवाह होइन उपचारको व्यवस्था हुनु जरूरी छ । अन्यथा यसको दीर्घकालीन समस्याले सबै परिवारलाई धक्का पुर्याउउने निश्चित छ ।



# वैदेशिक रोजगारीमा महिलाको पीडा

*भवानी झा*

परिवारको गर्जो टार्नेसपना बोकेर मलेसिया गएकी कंचनपुरकी रिता शर्मा (नाम परिवर्तन) को २ बर्षपछि खाली हात घर फर्किनु परेपछि सपना सपना मै सिमित रह्यो । घरेलु कामदारका रूपमा मलेसिया पुगेकी रिताले पारिश्रमिकको साटो शारीरिक र मानसिक यातना मात्रै पाएपछि बाध्य भएर रित्तो हात स्वदेश फिर्नु परेको हो । उनले विदेश जाँदा निकालेको ऋण समेत तिर्न अझै बाँकी नै छ ।

कञ्चनपुरको दक्षिणी क्षेत्र परासन-७ की रिता तीन बर्षअघि मलेसिया गएकी हुन् । गाउँकै दलालले राम्रो तलब मिल्ने प्रलोभन देखाएपछि उनी घरमा दुधे बालकसम्म छाडेर विदेशी भूमिमा श्रम बेच्न हिडिन् । मेनपावर कम्पनीको भन्दा थोरै खर्चमा विदेश पुगिने दलालको सल्लाह अनुसार उनी भारतको बाटो हुँदै मलेसिया पुगिन् । तर त्यहाँ पुगेपछि उनले देखेका सपना सबै चकनाचुर भए ।

घरेलु कामदारका रूपमा रोजगारी पाएकी उनले हरेक दिन यातना मात्रै खेप्नु पर्‍यो । सामान्य लेखपढ मात्रै जान्ने उनले दिनहुँ यातना भोग्नु परेपछि मानसिक सन्तुलन समेत गुमाइन । परिवारको दैनिकी गुजार्न वैदेशिक रोजगारीका लागि मलेसिया पुगेकी उनी डेढ बर्षपछि पीडाको भारीसहित स्वदेश फर्किइन । उनी विदेशमा रहदा दुई वर्षसम्म परिवारसित समेत सम्पर्क भएन ।

रिता जस्तै रैकावार विचवाकी मिना बम (नाम परिवर्तन) को अवस्था पनि दुःखदायी नै छ । परिवारको राम्रो भविश्यको कल्पना गर्दै उनले पनि २ बर्ष विदेशी भूमिमा काम गरिन् । तर मालिकबाट पारिश्रमिकको साटो दुःख मात्रै लिएर घर फर्किइन । उनी पनि गाउँकै दलालको प्रलोभनमा परेर साउदी अरब पुगेकी हुन् ।

विदेशमा राम्रो आम्दानी हुने सुनेपछि उनी तीन बर्ष अघि साउदी हिडेकी थिईन् । रिता जस्तै उनी पनि भारतको बाटो नै भएर साउदी पुगेकी थिईन् । उनले त्यहाँ दलालले भने जस्तो काम भने पाइनन् । बाध्य भएर घरेलु कामदारका रुपमा काम गर्नुपर्‍यो । तर सोचे जस्तो पैसा र काम गर्ने वातावरण नभएपछि उनले घर फर्किनु नै बेस ठानिन् ।

रिता र मिना बैदेशिक रोजगारीमा ठगिएका उदाहरण पात्र मात्रै हुन् । यी दुई महिला जस्तै वैदेशिक रोजगारीमा गएर खाली हात फर्कने महिलाको संख्या जिल्लाको दक्षिणी भेगमा निकै रहेको छ । आर्थिक अवस्था कमजोर भएकै कारण राम्रो कमाई हुने आशमा विदेशीएकी रिता विदेशमा मालिकले दिएको यातनापछि मानसिक रूपले कमजार बनेकी उनी अहिले पनि लोग्ने मानिसको भीड देखेर तर्सिन्छिन् ।

उक्त क्षेत्रमा वैदेशिक रोजगारीमा जाने महिला मध्ये ८० प्रतिशतभन्दा बढीले भारतको बाटो प्रयोग गर्ने गरेका छन् । विदेश जान भारतीय बाटो कम खर्चिलो हुने दलालको आश्वासनमा उनीहरू यसको प्रयोग गरिरहेको स्थानीय हरिस बागले बताए । कञ्चनपुरमा सबैभन्दा बढी परासन, त्रिभुवनबस्ती र कालिका गाविसका महिलाहरू विदेश गएका छन् । बागका अनुसार विदेश जानेमा दलित, जनजाती, भूमिहिन र एकल महिलाहरू बढी छन् । उक्त क्षेत्रमा अधिकांश महिला अशिक्षित भएकै कारणले सहज रूपमा दलालको जालोमा फस्ने गरेको उनको भनाई छ । 'आर्थिक अवस्था कमजोर भएकै कारणले महिलाहरू विदेशिने गरेका छन्' उनले भने 'सामान्य लेखपढ मात्रै जान्ने भएकाले पनि उनीहरू बढी ठगिने गरेका छन् ।' बैदेशिक रोजगारीका क्षेत्रमा काम गर्ने साथी नामक गैर सरकारी संस्थाको अध्ययन अनुसार परासन, त्रिभुवनबस्ती र कालिका गाविसका करिब २५ प्रतिशत महिला अहिले असुरक्षित तरीकाले वैदेशिक रोजगारीमा गएका छन् । जसमा अधिकांश भारतको बाटो हुँदै खाडी मुलुक पुगेका छन् ।

परासन, त्रिभुवनबस्ती र कालिका गाविसका हरेक वडामा तीनचार जनासम्म वैदेशिक रोजगारीमा लग्ने दलाल सक्रिय रहेको स्थानीय बताउछन् । जग्गाजमिन नभएका र अशिक्षित महिलाहरू सहजै दलालको भनाईमा सहमत हुने र वैदेशिक रोजगारीका नाममा ठगिने गरेका घटना बढी भएको उनले बताए ।

'वैदेशिक रोजगारीमा गएर ठगिएका यी तीन गाविसमा महिला धेरै छन् । तर उनीहरू समाजको डरले आफ्ना पीडा लुकाएर बसेका छन्' वैदेशिक रोजगारीका क्षेत्रमा काम गरिरहेका साथी संस्था कञ्चनपुरका संयोजक गणेश उपाध्यायले भने-'विदेशबाट ठगिएर घर आएका महिलाहरूले गाउँघरमा कमाई राम्रो नभएकाले फर्केको भन्ने गरेका छन् । समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन भएमात्रै यस्ता पीडित महिला बाहिर आउँछन् ।'

उनले वैदेशिक रोजगारीमा जाने महिलाहरूमा भाषा, सीप लगायतका आधारभूत ज्ञानको कमी हुँदा बढी समस्यामा पर्ने गरेको बताए । 'दलालको प्रलोभनमा लागेर राम्रो कमाई हुने आशा बोकी जाने महिला त्यहाँ पुगेर घरेलु कामदारका रूपमा श्रम बेच्न बाध्य छन्'-उपाध्यायले भने- 'दक्षता र आवश्यक तालिमकै अभावका कारण उनीहरू शोषित भएर फर्कनु परेको छ ।'

पछिल्लो समयमा वैदेशिक रोजगारीका अवैध दलालहरू कञ्चनपुरको झलारी र कृष्णपुरमा पनि सक्रिय भएको उनी बताउछन् । यी दुई गाविसबाट पनि महिलाहरू भारतीय बाटो हुँदै विदेशिने क्रम चलेको जानकारीमा आएको बताए । उपाध्यायका अनुसार महाकाली पारीको चाँदनी गाविसमा पनि दलालको सञ्जाल राम्रो ठाँउमा पठाउने भन्दै महिलाहरूलाई अवैध रूपमा विदेश पठाउन सक्रिय हुन थालेको छ । जिल्ला प्रशासन कार्यालयको तथ्याक अनुसार पछिल्लो समयमा दैनिक राहदानी बनाउने २० जनामध्ये सात जना महिला छन् ।

तेस्रो मुलुकमा मात्रै नभएर छिमेकी देश भारतमा पनि रोजगारीका नाममा कैयौं महिला ठगिएर पुग्ने गरेका छन् । भाषा, सीप, समन्वय, जनचेतना तथा आवश्यक तालिम तथा सम्बन्धित देशको बारेमा कुनै जानकारी नहुनुले अर्काको प्रलोभनमा विदेशिएर मानसिक र शारीरिक यातनासँगै श्रम बेचेर फर्किने नेपाली महिलाहरूको संख्या बढ्दै गएको देखिन्छ । यसरी ठगिएका महिलाहरूको पीडाबाट अरूले सतर्क हुनुपर्ने आवश्यकतासँगै यस्ता कार्यमा संलग्न दलाल र रोजगार कम्पनीसँगै यस क्षेत्रमा काम गर्ने दलालहरूलाई समेत कानुनको दायरामा ल्याउनु रूरी छ ।

*(सञ्चारिका समूह फिचर सेवा)*

## राप्रपा नेपालले चुनाव जिते के गर्छ ?

काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले संवैधानिक राजतन्त्र, हिन्दु राष्ट्र, प्रजातन्त्र र उदार अर्थनीति राप्रपा नेपालको प्रमुख एजेण्डा भएको बताएका छन् । राप्रपा नेपालले बन्दलाई प्रतिबन्ध लगाउन ३० वर्षे योजना ल्याउने छ । राप्रपा नेपाल जनताको पार्टी हो, चुनाव जिलासाथ १० वर्षभित्र प्रतिव्याक्ति आय दोब्बर पार्ने छ, १५ वर्ष भित्र सबैलाई सामान्य रोजगारीको ग्यारेण्टी दिन्छ, ५ वर्ष भित्रमा लोडसेडिङ मुक्त गर्नेछ ।

राप्रपा नेपालको प्रमुख नीति भनेको सरकार-जनता-नीजी व्यावसायीको खाकामा चल्ने छ र नीजी व्यावसायीले नेतृत्व लिनेछन् । ००७ सालमा दल, ०४६ सालमा माओवादी र ०६३ सालमा राजतन्त्रलाई निषेध गर्दा शान्ति, स्थायित्व र प्रजातन्त्रलाई ठूलो घात भएको छ । राप्रपा नेपालले सबै अटाउने व्यावस्थाको मानचित्र बनाइसकेको छ, अबको निर्वाचनले राप्रपा नेपाललाई 'उदाउँदो शक्ति'को रूपमा जनादेश दिने पक्का छ । देशभित्रका ४ हजार गाउँ-सहर सबैतिरका जनता निर्वाचनका लागि उत्साहित छन्, सबैतिर राप्रपा नेपालको उपस्थिति छ ।राप्रपा नेपालले चुनाव जिते पछि के गर्छ ? राप्रपा नेपालको एजेण्डा अधिकार कमल थापाबाट सार्वजानिक भएपछि नीजि क्षेत्र समेत उत्साहित भएको पाइएको छ ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# vjisb

## काठमाडौंलाई क्रिकेट उपाधि

काठमाडौं । सोमपाल थापाको उत्कृष्ट ब्याटिङको प्रदर्शनमा मंगलबार काठमाडौंले क्षेत्रीय ३ नम्बर टी-२० छनोट क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । काठमाडौंले अन्तिम लिग चरण खेलमा त्रिभुवन विश्वविद्यालय (टियू)लाई फाइनलमा ६२ रनले हराउँदै उपाधि हात पारेको हो ।

छनोट प्रतियोगितामा काठमाडौंले चारै खेल आफ्नो पक्षमा राख्यो । ललितपुर उपविजेता बन्यो । टस जितेर पहिलो ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५१ रनको योगफल खडा गर्‍यो । प्रत्युत्तरमा टियूले ९ विकेट गुमाएर ८९ रन मात्र बनाउँदा काठमाडौं फराकिलो अन्तरले विजयी भयो । काठमाडौंको सानदार जितमा सोमपालले सर्वाधिक ७५ रनको योगदान दिएका थिए ।

उनले ५२ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे । ओपनर नीरज भट्टराईले १६ बलमा एक चौकाको सहयोगमा १८ रन बटुले । अर्जुन अधिकारी र सुमन उदयले समान १५ रनको इनिङ खेले । प्रत्युत्तरमा टियूका ब्याट्सम्यानहरु अर्पण काफ्लेको घातक बलिङको सामना गर्न सकेनन् । अर्पणले २१ रन खर्चेर ४ विकेट लिए । टियूका लागि विप्लव पोखरेल (१८) र अमिर अख्तरले (१९) रनको योगदान दिए । ओपनरद्वय प्रेम उप्रेती (१२) र उत्तम भट्टले (१४) रनको योगदान दिए ।

टियूको इनिङमा सर्वाधिक २० रन अतिरिक्तबाट बनेको थियो । प्रतियोगिताअन्तर्गत अर्को खेलमा भक्तपुरले नुवाकोटलाई २२ रनले पराजित गर्‍यो । पहिलो ब्याटिङ गरेको भक्तपुरले २० ओभरमा ९ विकेट गुमाएर ९४ रन जोड्यो । नुवाकोट १७.३ ओभरमा ६२ रनमै अलआउट भयो । प्रतियोगितामा म्यान अफ द सिरिज र उत्कृष्ट ब्याट्सम्यान काठमाडौंकै सोमपाल घोषित भए । उनले ४ विकेट लिनुका साथै १३० रन बटुलेका थिए । नुवाकोटका अभिरान यादव उत्कृष्ट बलर चुनिएका छन् । उनले ४ खेलमा ९ विकेट लिए । प्रतियोगितामा इमर्जिन खेलाडीको उपाधि भक्तपुरका अनिल कार्कीलाई प्रदान गरियो । अनिलले ६० रन बनाउनुका साथै ९ विकेट लिएका थिए ।

## ड्याफोडिल र रेडिअन्ट च्याम्पियन

काठमाडौं । ड्याफोडिल, रेडिअन्ट र काभ्या स्कुल मंगलबार तेस्रो द एक्सेलियर प्रतियोगितामा फरक-फरक उपाधि जितेका छन् । ड्याफोडिलले सिनियर पुरूष बास्केटबल, रेडिअन्टले जुनियर पुरूष बास्केटबल तथा काभ्याले जुनियर पुरूष फाइभ 'ए' साइड फुटबलको उपाधि जितेका हुन् । यसपटक एक्सेलियरमा तीनवटै टोली नयाँ च्याम्पियन पनि बनेका छन् ।

आयोजक द एक्सेलियर स्कुलको कोर्टमा सम्पन्न सिनियर बास्केटबलको फाइनलमा ड्याफोडिलले साबिक दुईपटकको विजेता निम्सलाई ४७-४६ ले पराजित पार्‍यो । टोलीको जितमा अमिन तामाङले १८ स्कोरको योगदान गरे । निम्सले तेस्रो क्वाटरसम्म १३ स्कोरको अग्रता जोगाउन नसक्दा उपाधिमाथि ह्याट्रिक गर्नबाट चुक्यो । ड्याफोडिलले अन्तिम तथा चौथो क्वाटरमा २५-११ को प्रदर्शन गर्दै उपाधि पक्का गर्‍यो ।

जुनियर पुरुष बास्केटबलको उपाधि भिडन्तमा रेडिअन्टले साबिक विजेता एक्सेलियरलाई ३७-२४ ले पाखा लगायो । रेडिअन्टको जितमा अजय खत्रीले १४ स्कोर गरे । जुनियर पुरुष फाइभ 'ए' साइडमा काभ्याले एलआरआईलाई १-० को झिनो गोलअन्तरले हरायो । निर्धारित ४० मिनेटको ३९औं मिनेटमा काभ्याका सञ्जय खत्रीले एकमात्र निर्णायक गोल गरेका थिए ।

बास्केटबलको सिनियरमा निम्सका अमिन तामाङ र जुनियरमा रेडिअन्टका अजय खत्री तथा फुटबलमा सञ्जय खत्री उत्कृष्ट खेलाडी चुनिए । बास्केटबलको सिनियरमा सरस्वती बोर्डिङ हायर सेकेन्डरी स्कुल र जुनियरमा स्वर्णीम स्कुल तथा फुटबलमा चेल्सी इन्टरनेसनल एकेडेमीले फेयर प्लेको उपाधि हात पारे । आठ दिनसम्म चलेको प्रतियोगितामा ४० टोलीले भाग लिएका थिए ।

## राष्ट्रिय खेलाडीलाई तालिम

काठमाडौं । राष्ट्रिय टिम तयारीमा रहेका विभिन्न खेलका खेलाडी र प्रशिक्षकलाई मंगलबार स्पोर्टस् लिडरसिप तालिम दिएको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव युवराज लामाले जुडो, कराते, तेक्वान्दो, बक्सिङ र उसुका खेलाडी तथा प्रशिक्षकलाई सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा व्यवहारिक र सैद्धान्तिक तालिम दिएका छन् ।

सो अवसरमा सदस्यसचिव लामाले खेलाडीले आफ्नो क्षमता पहिचान गर्न नसके सफलता हात पार्न कठिन हुने बताए । 'कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदा व्यक्तिभन्दा पहिले मुलुक अगाडि आउनुपर्छ,' लामाले भने । हरेक खेलका खेलाडीले कम्तीमा आ-आफ्नो खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियजगत्मा सफलता हासिल गरेका खेलाडीबारे परिचित हुनुपर्ने पक्षमा उनले जोड दिएका छन् । 'पदक प्राप्त पूर्व र वर्तमान खेलाडीबारे जानकारी राख्नुपर्छ, देशको प्रकृति, जनसंख्या, इतिहास, संस्कृति आदिबारे परिचित हुनुपर्छ,' लामाले भने ।

## निर्मला र गीताको ह्याट्रिक

काठमाडौं । निर्मला उपाध्याय र गीता रानाले समान चार गोल गरेपछि मंगलबार कोकाकोला अन्तरविद्यालय राष्ट्रिय छात्रा फुटबल प्रतियोगितामा दीपज्योति विद्याश्रम बाँकेले सैनिक आवासीय महाविद्यालयलाई ९-० ले हराएको छ । जितसँगै दीपज्योति समूह 'क'को उपविजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेको छ ।

निर्मलाले खेलको दोस्रो मिनेटमा पहिलो गोल गरेकी थिइन् । उनले खेलको २९औं मिनेटमा आफ्नो चौथो गोल पूरा गरिन् । गीताले खेलको ४२औं मिनेटमा पहिलो गोल गर्दा ६०औं मिनेटमा चौथो गोल सम्भव पारिन् । अर्को खेलमा जनज्योति उच्च मावि रौतहटले अरूणिमा उच्च माविलाई ३-० ले हरायो । यसैगरी, छात्रतर्फको खेलमा भूपू सैनिक उमावि स्याङ्जाले बाल सिर्जनालय मावि काठमाडौंलाई ५-० ले हरायो । जितसँगै भूपू सैनिक समूह 'ग'को उपविजेता हुंदै क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

## निर्वाचनमा सशस्त्र प्रहरी

काठमाडौं । सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले आसन्न संविधानसभाको निर्वाचनमा सशस्त्र प्रहरी बल ६० जिल्लामा परिचालित हुने तथा अन्य संवेदनशील तथा अति संवेदनशील स्थानहरूमा शान्ति सुरक्षा कायम राख्न समेत परिचालित हुने कुरा बताउनु भएको छ । सो कुरा उनले सशस्त्र प्रहरी बल तालिम महाविद्यालय लामापाटन पोखरामा



संचालित सि.सं.८ सशस्त्र प्रहरी निरीक्षक अल्पकालिन आधारभूत तालिमको मंगलबार समापन कार्यक्रममा सो कुरा बताएका हुन् । सशस्त्र प्रहरी बल हाल देशको ६० जिल्लामा परिचालित रहेको तथा ती सबै स्थानमा निर्वाचनको बेला बलको सुरक्षा तैनाथी रहने स्मरण गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक वन्तले निर्वाचनको बेला प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन आ-आफ्नो इलाकामा कटिवद्ध रहन मातहत एपीएफ अधिकृत तथा जवानहरूलाई निर्देशन दिए । उनल अर्धसैनिक प्रकृतीको सशस्त्र प्रहरी बलले कठिन कार्यक्षेत्रमा समेत राज्यले सुम्पिएको जिम्मेवारी पुरा गरेको स्मरण गर्नुहुँदै राज्यले सोही विश्वासका कारण सशस्त्र प्रहरी बलको क्षमता अनुरूपको चुनौतीपूर्ण जिम्मेवारी सुम्पिदै आएको चर्चा गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक वन्तले कार्यक्षेत्रमा संगठनले पुऱ्याएको योगदान तथा कार्यक्षमताको उच्च मूल्यांकन गर्दै राज्य र नागरिकले संगठनबाट धेरै अपेक्षा गरेको हुँदा त्यसलाई पुरा गर्न कुनै कसर बाँकी नराखी कार्यक्षेत्रमा पेशागत जिम्मेवारी निर्वाहमा समर्पित रहन निर्देशन पनि दिए । मानव अधिकारको उलंघन तथा लैंगिक हिंसामा सून्य सहनशीलताको नीति संगठनको रहेको उल्लेख गर्दै यस्ता घटनामा कुनै पनि सशस्त्र प्रहरी कर्मचारीको संलग्नता हुन पुगेमा व्यक्तिगत रुपमा जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

## गृहसचिव नेपालले दिए निर्देशन

काठमाडौं । गृहसचिव जर्नादन नेपालले प्रहरी प्रधान कार्यालय नक्सालको निरीक्षण गर्नुको साथै प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन पनि दिए । गृहसचिव नेपाल प्रहरी प्रधान कार्यालयमा प्रवेश गर्नु हुँदा प्रहरी महानिरीक्षक कुवेर सिंह राना तथा प्रहरी अतिरिक्त महानिरीक्षकहरूले हार्दिक स्वागत गर्नुभएको थियो । गृहसचिवले अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गरेका थिए । गृहसचिव नेपाल समक्ष प्रहरी महानिरीक्षक कुवेर सिंह रानाले नेपाल प्रहरीको विविध पक्षका बारेमा प्रस्तुतीकरण गर्नुभयो । उक्त अवसरमा गृहसचिव नेपालले वरिष्ठ प्रहरी अधिकृतहरूसंग नेपाल प्रहरीको बस्तुस्थिती र समसामयिक बिषयमा अन्तरक्रिया समेत गरिएको थियो ।



छलफलपछि प्रहरी प्रधान कार्यालयमा उपस्थित प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन सम्बोधन गर्दै गृहसचिव नेपालले शान्ति सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रणमा प्रभावकारीताका लागि सम्पूर्ण प्रहरी कर्मचारीको पूर्ण सहयोगको अपेक्षा राखेको बताए । नेपाल प्रहरी संगठन नेपाल सरकार एवम गृह मन्त्रालयको अभिन्न अंगको रूपमा रहेको चर्चा गर्नुहुँदै नेपाल प्रहरी संगठनलाई हालको स्थितिसम्म ल्याई पुराउन हाम्रा पुर्वज र अमर प्रहरीको योगदान अतुलनिय रहेको समेत बताए ।

वर्तमान अवस्थामा मुलुकको अत्यन्त महत्वपुर्ण जिम्मेवारी संविधान सभाको निर्वाचन सफलता पुर्वक सम्पन्न गर्ने उद्धेश्य रहेको बताउनुहुदै उक्त जिम्मेवारी पुरा गर्नको लागि नेपाल सरकारको तर्फबाट पहिलो पंक्तिमा रहेर नेपाल प्रहरीले लगनशिल तथा कर्तव्य निष्ठ रही काम गर्ने विश्वास व्यक्त गरे । विभिन्न भूमिगत समुहरूको गतिविधि जस्तै चन्दा संकलन, अपहरण, धम्की आदि जस्ता गतिविधिहरूले नेपाल प्रहरीलाई थप संभावित चुनौति आउने बताउँदै उनले नेपाल प्रहरीले संभावित खतराहरूको पहिचान एवम मुल्याङकन गरि सोही अनुरूप आफ्ना क्रियाकलाप अगाडी बढाउन निर्देशन दिए ।

# skf/6

## हिमालयन बैंकको नयाँ कर्जा

काठमाडौं । हिमालयन बैंकले दसैं-तिहारलाई लक्षित गरी आवास तथा सवारीसाधन कर्जामा नयाँ योजना सुरु गरेको छ । योजनाअन्तर्गत फिक्स्ड रेट होम लोन नामक आवास कर्जा वार्षिक ९ प्रतिशत ब्याजदरमा तथा फिक्स्ड रेट हायर पर्चेज लोन नामक सवारीसाधन कर्जा वार्षिक साढे ९ प्रतिशत ब्याजदरमा उपलब्ध गराइने बैंकले जनाएको छ ।

दुई महिनासम्म सञ्चालन हुने कर्जाका मुख्य विशेषतामा सेवाशुल्कमा ५० प्रतिशत छुट तथा १ वर्षसम्म ब्याजदर परिवर्तन हुनेछैन । घर खरिद, घर निर्माण तथा घर पुनर्निर्माणका लागि उपलब्ध गराइने आवास कर्जा अवधि २० वर्षसम्म तथा सवारीसाधन कर्जा अवधि ८ वर्षसम्म तोकिएको बैंकले जनाएको छ ।

## एनआइसीको गौसेवा सदनलाई सहयोग

काठमाडौं । एनआइसी एसिया बैंकद्वारा प्रवर्द्धित सामाजिक एकाइ एनआइसी फाउन्डेसनले विराटनगर-१८ स्थित श्रीकृष्ण गौसेवा सदनलाई एकाउन्न हजार रुपैयाँको आर्थिक सहयोग प्रदान गरेको छ । बैंकका शाखा प्रबन्धक सन्तोषकुमार राठीले संरक्षक समितिका संयोजक शंकरलाल अग्रवाललाई उक्त सहयोग हस्तान्तरण गरेको फाउन्डेसनले जनाएको छ ।

संस्थाले विगत २५ वर्षदेखि गौसेवा र गोवंशको संरक्षणमा कार्य गर्दै आइरहेको छ । संस्थाले विभिन्न संघसंस्थाको सहयोगमा गौ जातिको आहार, वासस्थान र औषधोपचारको व्यवस्था गर्दै आइरहेको एनआइसीले मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ । एनआइसी फाउन्डेसन एनआइसी एसिया बैंकद्वारा सामाजिक दायित्वका काम गर्ने उद्देश्यले प्रवर्द्धित नाफारहित संस्था हो ।

## सिद्धार्थ बैंकको उत्सव योजना

काठमाडौं । सिद्धार्थ बैंकले उत्सव योजनाअन्तर्गत ग्राहकलाई निःशुल्क इन्टरनेसनल भिसा प्रिपेड ट्राभल कार्ड प्रदान गर्ने भएको छ । १५ मंसिरसम्म उक्त कार्डको लागि बुकिङ गर्ने ग्राहकले मंसिर ०७१ सम्म आफ्नो आवश्यकताअनुरूप सिद्धार्थ बैंकको कुनै पनि शाखाबाट ट्राभल कार्ड निःशुल्क प्राप्त गर्न सक्ने बैंकले मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ । उक्त कार्ड प्रयोग गरी ग्राहकले विश्वका कुनै पनि स्थानका भिसा एटिएम र मेसिनमा कारोबार गर्न सक्ने बैंकले जनाएको छ ।

## मिसन बैंकको रजिस्ट्रार भिबोर क्यापिटल

काठमाडौं । मिसन डेभलपमेन्ट बैंकले भिबोर क्यापिटल लिमिटेडलाई सेयर रजिस्ट्रारमा नियुक्त गरेको छ । रजिस्ट्रार नियुक्तिपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत हरिप्रसाद घिमिरे र भिबोर क्यापिटलका प्रमुख कार्यकारी अधिकृत शंकर कालिकोटाले हस्ताक्षर गरेका छन् । सम्फौतापछि भिबोर क्यापिटलले मिसनको सेयर नामसारी, दस्तखत प्रमाणित, सेयर प्रमाणपत्र खण्डीकरण, लाभांश पूर्जा वितरणलगायतका सेवा प्रदान गर्ने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । मिसन डेभलपमेन्ट बैंकले गत २६ जेठदेखि २९ सम्म साधारण सेयर निष्कासन गरेको थियो ।

## ग्रान्ड बैंकको नयाँ बचत खाता

काठमाडौं । दसैं तथा तिहारको उपलक्ष्यमा ग्रान्ड बैंक नेपाल लिमिटेडले 'ग्रान्ड स्पेसल सेभिङ एकाउन्ट'नामक नयाँ बचत खाता सुरु गरेको छ । उक्त खाताका लागि न्यूनतम मौज्दात १ लाख रुपैयाँ हुने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सो खातामा दैनिक मौज्दातमा ७५ प्रतिशत वार्षिक ब्याजदर प्राप्त गर्न सकिने बैंकले जनाएको छ । उक्त बचत खातामा अधिकतम ब्याजदर प्रदान गरेर ग्राहकवर्गलाई विशेष सुविधाका साथै बढीभन्दा बढी लाभ मिलोस् भन्ने उद्देश्यले सो खाता ग्राहकसमू ल्याएको बैंकले जनाएको छ ।

## डा. वाग्लेलाई सनराइज बैंकको सहयोग

काठमाडौं । सनराइज बैंकले क्यान्सरपीडित डा. चित्रप्रसाद शर्मा वाग्लेको उपचारका लागि १ लाख १ हजार रुपैयाँ नगद सहयोग प्रदान गरेको छ । कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएको सहयोग रकमको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रमान प्रधानले आइतबार डा. वाग्लेलाई हस्तान्तरण गरेका हुन् ।

## एनएमबी बैंकको हेरिटेज पेन्टिङ

काठमाडौं । एनएमबी बैंकले एनएमबी सामाजिक पहल र सिर्जना कलेज अफ फाइन आर्टको संयुक्त आयोजनामा पाटनस्थित म्युजियम परिसरमा 'दोस्रो एनएमबी बैंक अन्तरविद्यालय हेरिटेज पेन्टिङ प्रतियोगिता आयोजना गरेको छ । सम्पदा संरक्षण अभियानलाई निरन्तरता दिने क्रममा मुलुकभरबाट १ सय १२ विद्यालयका १ सय १२ विद्यार्थी प्रतियोगितामा सहभागी भएको बैंकले जनाएको छ । प्रतियोगिताका पेन्टिङको सार्वजनिक प्रदर्शनी असोज ७ देखि १० सम्म अरनिको ग्यालरी, नेपाल एकेडेमी अफ फाइन आर्ट, नक्सालमा गरिनेछ ।

## सुविसुको दसैं अफर

काठमाडौं । केबल टेलिभिजन, इन्टरनेट र नेटवर्क सेवा प्रदायक कम्पनी, सुविसु केबलनेट प्रालिले दसैंको अवसरमा ग्राहकका लागि 'नो डिस्टेन्स इज टु फार अवे' नाराका साथ सुविसु १११ फ्री इन्टरनेट दसैं अफर' ल्याएको छ । यस योजनाअन्तर्गत ग्राहकले सुविसुको इन्टरनेट सेवा खरिद गरी एक वर्षको अग्रिम भुक्तानी गर्दा थप १११ दिन सेवा अथवा केबल मोडम साथै पेन ड्राइभ निःशुल्क प्राप्त गर्नेछन् । त्यस्तै, ग्राहकले अर्धवार्षिक भुक्तानी गर्दा ४५ दिन निःशुल्क इन्टरनेट सेवाका साथै पेनड्राइभ र ३ महिनाको अग्रिम भुक्तानी गर्दा १५ दिन निःशुल्क सेवा प्राप्त गर्नेछन् ।

# /Elg va/

## निर्देशक रेग्मीलाई सहयोग

काठमाडौं । दुवै मिर्गौलाले काम गर्न छाडेपछि गत फागुनदेखि सिकिस्त बिरामी परेका वरिष्ठ चलचित्र निर्देशक शिव रेग्मीको उपचारमा देशविदेशबाट सहयोग रकम प्राप्त हुने क्रम जारी छ । यसै क्रममा लामो समयदेखि बेल्जियम बस्दै आइरहेकी अभिनेत्री पार्वती अधिकारीले आफू अध्यक्ष रहेको संस्था चितवन सहायता कोष



बेल्जियममार्फत जुटाएको ५० हजार र युरो नेपाल कलाकार संघले उपलब्ध गराएको ३० हजार रुपैयाँ मंगलबार रेग्मीलाई प्रदान गरिएको छ ।

बिरामी रेग्मीलाई अभिनेत्री पार्वतीकी छोरी सुषमा, वरिष्ठ निर्देशक तथा अभिनेता रमेश बुढाथोकी, निर्देशक वसन्त निरौलालगायतले सहयोग रकम ८० हजार उनकै निवास थापागाउँमा पुगेर हस्तान्तरण गरेका हुन् । स्वास्थ्यमा समस्या देखिएपछि रेग्मीको मिर्गौला प्रत्यारोपणमा ढिलाइ भइरहेको छ । दैनिक तीनचोटि डाइलसिस गराइरहेका रेग्मीलाई उनका कान्छा भाइले मिर्गौला दिँदै छन् । सबै कुरा ठीक भएमा उनको मंसिर पहिलो साता मिर्गौला प्रत्यारोपण हुनेछ । रेग्मीको उपचारमा सहयोग गर्न केहीअघि न्युजफिल्मी डटकमका अनुप भट्टराईको पहलमा युकेमा रहेकी ईशा गुरुङबाट प्राप्त ५० हजार रुपैयाँ उनलाई प्रदान गरिएको थियो । त्यसैगरी, चलचित्र विकास बोर्डले पांच लाख रुपैयाँ सहयोग गरेको थियो । अन्य केही संस्था र शुभेच्छुकले पनि उनलाई सहयोग गरेका छन् ।

## एकल साँझमा बिमल डाँगी

काठमाडौं । लोकदोहोरी गायक बिमल डाँगी एकल गायनमा उत्रँदै छन् । करिब डेढ वर्षदेखि अमेरिकामा बस्दै आएका डाँगी १६ असोजमा राष्ट्रिय नाचघर जमलमा हुने एकल साँझमा प्रस्तुत हुँदै छन् ।



विन्ध्यवासिनी म्युजिक प्रालिको आयोजनामा हुने एकल साँझमा डाँगीले पानसमा बत्ती बालेको, यो मुटु तिम्रै हो, डोल्पाको हिउँपहिरो, तिमी गयौ अर्केको डोलीमा, एउटा कुरा भन्न त पाइएलालगायत आफ्ना चर्चित गीत सुनाउनेछन् । एकल साँझका लागि मात्र यसपटक काठमाडौं आएको बताउने उनले अहिलेसम्म डेढ दर्जन एल्बम श्रोतामाफ पस्किसकेका छन् । अमेरिका बसाइका क्रममा एक दर्जन गीत रेकर्ड गराएका उनले एकल साँझमा आफ्ना केही नयाँ लोक-पप गीत पनि सुनाउनेछन् । कार्यक्रमबाट संकलित केही रकम एकल महिला तथा बालबालिकाको उत्थानमा लगाइने जानकारी आयोजक विन्ध्यवासिनी म्युजिकका प्रमुख सुवास रेग्मीले दिएका छन् ।

## प्रतिभा देखाए बालबालिकाले

काठमाडौं । लिटिल प्रिन्स एन्ड लिटिल प्रिन्सेस-२०१३ का प्रतियोगी १८ बालक र ३९ बालिकाले आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । उनीहरूले ट्यालेन्ट राउन्डमा आफूमा निहित प्रतिभा देखाएका हुन् ।

८ देखि १२ वर्ष उमेर समूहका बालबालिकाको प्रतिभा प्रस्फुटन गर्न जेसिआई काठमाडौं लेडी नेपालले आयोजना गरेको प्रतियोगिताको फाइनल १३ असोजमा राजधानीमा हुनेछ । ट्यालेन्ट राउन्डको निर्णायकमा नायिका रुपा खनाल, हास्य अभिनेता निर्मल शर्मा, नृत्य निर्देशक गोविन्द राई, गायक कमल खत्रीलगायत थिए । सहभागी प्रतियोगीले गायन, नृत्य, अभिनय, वक्तृत्वकला, चित्रकला, वाद्यवादनलगायत कला प्रस्तुत गरेका थिए ।

उद्धव पौडेललाई पितृशोक

काठमाडौं । वरिष्ट चलचित्र निर्माता, प्रदर्शक, बितरक, गोपीकृष्ण मुभीजका संस्थापक अध्यक्ष तथा राप्रपा नेपालका केन्द्रिय सदस्य उद्धव पौडेललाई पितृशोक परेको छ । उनका ९१ वर्षीया बाबु गायत्रीप्रसाद पौडेलको उपचारका क्रममा मंगलबार ओम अस्पतालमा निधन भएको हो ।

क्यान्सर रोगबाट पीडित उद्धवका बाबुको मंगलबार साँझ पशुपति आर्यघाटमा अन्त्यष्टि गरियो । अन्त्यष्टिमा चलचित्रकर्मीको बाक्लै उपस्थिति थियो ।

## दूतावास...

पनि नक्कली ? पक्राउ परेका नेपालीहरूले बताए- दूतावास दूतावास होइन, मेनपावर कम्पनी जस्तो छ । एक छिनको कामलाई ३ दिन लगाइदिन्छन, २ सयको कामलाई ३ हजार लिइन्छ, विल दिइदैन ।

विदेशमा अप्ठ्यारोमा परेका नागरिकलाई संरक्षण, सहयोग र सहजकर्ताको भूमिका खेल्नुपर्ने नेपालका विदेशस्थित दूतावासका राजदूत र कर्मचारीहरू मौका यही हो भन्दै धमाधम कमाउन थालेका छन् । पूर्व युकेका राजदूत मरारीराज शर्मा त भागेर लण्डनमै शरणार्थी भिसामा बसिरहेको छन् । के हो त परराष्ट्र मन्त्रालयको चाला ? पार्टीहरूले बकस दिने र कार्यकर्तालाई बकस खाने अरबौंपति बने दूतावसहरू ।

## मंसिर ४ मा...

नेपालको निर्वाचनको इतिहास हेर्ने हो भने ०५१ र ०५६ को आम निर्वाचनमा सेना 'व्यारिङ'मा बसेको थियो भने २०४८ र २०६४ को निर्वाचनमा सेना व्यारेकमै सिमित थिए । तर २०७० साल मंसिर ४ को निर्वाचनमा सेनालाई प्रत्यक्ष सुरक्षामा खटाइने भएको छ ।

असन्तुष्ट ३३ दलले दमन गरे छापामार युद्ध भन्दै निर्वाचन वहिस्कार गरी राष्ट्रलाई सिक्किमीकरणबाट जोगाउन कात्रो बाँधेर निस्कने उद्घोष (गत सोमबार खुल्लामञ्चमा) गरेपछि सिन्डिकेट भित्र ठूलै भूकम्प गयो र रातारात सेना परिचालन गर्ने निर्देशन जारी गरे । फलस्वरूप सेना परिचालन गर्ने निर्णय हुन गएको छ । यसपटकको निर्वाचनपछि सेनाले पनि राजनीतिक स्वाद चाख्न र दृश्य हेर्न पाउने भएको छ ।

नेकपा-माओवादीका अध्यक्ष वैद्यले भनेका छन्-चार दलीय सिन्डिकेटले निर्वाचनमा भाग लिन दिएनन्, हामीलाई निषेध गरेर राष्ट्रिय सहमति भाँडे । हामी चुनावमा आउन लाग्दा अवरोध किन गरियो भन्दै दलालहरूलाई हाम्रो सहभागीता पचेन । यो निर्वाचन मार्फत मुलुकलाई सिक्किमीकरण र भुटानीकरणतिर लान खोजिएको छ । हामी यस्तो अराष्ट्रिय निर्वाचन सक्रिय रूपमै वहिस्कार गर्छौं । सरकार र सिन्डिकेटले सेना परिचालन गरेर निर्वाचनलाई त्रासदीपूर्ण हुने निश्चित छ । कुनै पनि प्रजातान्त्रिक मुलुकमा सेना परिचालन गरेर निर्वाचन गरिनु उचित मानिन्नँ ।

जे होस्, सेना परिचालन गर्ने निर्णयले सेना बद्नाम त हुने छ नै, निर्वाचन होइन युद्ध हुने खतरा देखिँदैछ । यस्तो निर्वाचनले के शान्ति र संविधान निर्माण गर्ला ?

## सूर्यबहादुरको...

सक्रिय वहिस्कार र सेनाको सुरक्षामा चुनाव, यो जनादेशको लागि हो कि चुनावका लागि चुनाव गरिँदैछ ? मंसिर ४ नजिकिँदै गर्दा डरलाग्दा संकेतहरू देखिन थालिसकेका छन् । ०६३ सालमा फेल भएका नेताहरू ०७० सालमा पुनः फेल हुँदैछन् । शान्तिको नाममा रक्तपात, संविधानको नाममा सर्वसत्तावाद देखिन थालेको छ । यस्तै विवाद र वहसका कारण मंसिर ४ को निर्वाचनको जति सरकारीस्तरमा झ्याली पिटे पनि जनस्तरमा निर्वाचन होला र ? भन्ने अविश्वास बढ्दै गएको देखिन्छ ।

## खुट्टा भाँच्न...

हुने ठोकुवा गरेका थिए ।

३३ दललाई सिध्याउन खोज्नेहरू आफैं समाप्त हुने बताउँदै दलिय सरकार गठन नगरून्जेल ३३ दलको आन्दोलन नरोकिने बताउदै मंसिर ४मा गर्ने भनिएको निर्वाचनमा उम्मेद्वार हुनलेलाई ठेगान लगाउन र मतपेटीका खोस्न कार्यकर्तालाई निर्देशन दिदैं देशमा प्रतिकृयावादीहरूको हस्तक्षेप बढेकाले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि विदेशीलाई नेपालमा प्रतिबन्ध वा नाकाबन्धी गर्नुपर्ने बताउँदै नेपाल नेपाली जनताको हो विदेशी प्रतिकृयावादीहरूको होइन, हामी नेपालमै बसेर नेपाल चलाउछौं, दिल्लीको निर्देशनमा सञ्चालन हुनेहरू अब विदेशी दलालहरू चाँडै समाप्त हुने र पहिला पुष्पकमल दाहाल, बाबुराम भट्टराई, नेपाली कांग्रेस र नेकपा एमालेमा रहेका विदेशी दलाल र तस्कर भएको गम्भीर आरोप समेत लगाएका छन् । तस्करहरूको कब्जामा देश रहेको हुनाले अब जनताको कब्जामा देशलाई ल्याउन अन्तिम लडाई लड्न आफूहरू अग्रसर भएको भन्दै त्यस्ता दलाल र तस्करहरूसँग सजग रहन आग्रह गरेका थिए । सोही अवसरमा बोल्दै लिम्बुवान राज्य परिषद्का अध्यक्ष कुमार लिङ्देनले विदेशीको इसारामा निर्वाचनको घोषणा गरीएकोले अरूणपारीका नौ जिल्लामा निर्वाचन गतिविधि गरे खुट्टा भाँचिदिने उद्घोष गर्दै चैत्रमा निर्वाचन सारिए ३३ दलले भाग लिने उद्घोष थापा र लिङ्देनले गरेका थिए ।

## रेग्मी...

दललाई निर्वाचनमा सहभागीता जनाउन आग्रह गरेपनि नेकपा-माओवदीलगायतका ३३ दलले राखेका मागहरू पूरा गर्ने तर्फ न त सरकारले पहल गरेको छ, न त उच्चस्तरीय राजनैतिक संयन्त्रले नै । देखावटी रूपमा सहमतीको नौटंकी गरौँ भन्नु आफैंमा हाँस्यास्पद वाहेक अन्य केही हुन सक्दैन । उच्चस्तरीय राजनैतिक संयन्त्रको सहमतिमा निर्वाचनका कार्यक्रमपछि सार्न सकिने भन्दै निर्वाचन आयोगले उम्मेद्वार मनोनयनको कार्यक्रम एक हप्ता पछि सारेको अवस्थामा निर्वाचन नै किन १०-१५ दिन पछि सानै सकिँदैन ? नेकपा-माओवादीलगायतका दलहरूले प्रधानन्यायाधिशबाट रेग्मीले राजीनामा दिए निर्वाचनमा भाग लिने भनि सकेको अवस्थामा रेग्मी नै वाधक किन बन्ने ? के यस तर्फ चरदलिय सिन्डिकेटले सोच्न सक्दैन त ?

## जिउँदो...

समयसम्म कार्यालय जान नदिएपछि आफू पार्टी छाड्ने निर्णयमा पुगेको क्षेत्रीले उद्घोष गरेका छन् । क्षेत्रीले असोज ५ गते शनिवारदेखि नै लागू हुने गरी तमुवान राज्य समिति सचिवालय सदस्य क्रान्तिकारी, पत्रकार संघको केन्द्रीय समिति र साधारण सदस्यता समेत त्यागेको घोषणा गरेका छन् । तमुवान राज्य समिति इन्चार्ज भीमप्रसाद गौतमलाई बुझाएको राजीनामा पत्रमा उनले लेखेका छन्- एमाओवादीसँग मेरो २० वर्ष लामो सम्बन्ध आजकै मितिदेखि तोडेको घोषणा गदर्छु । अब उप्रान्त यो पार्टीसँग मेरो कुनै सम्बन्ध रहने छैन ।

यसरी लामो समयसम्म पार्टीमा बसेर द्वन्द्वकालमा समेत कार्य गरेका व्याक्तिलाई समेत पार्टीले उचित सम्मान दिन नसकेको अवस्थामा अहिले एमाओवादी पार्टी प्रवेश गर्नेहरूको अवस्था कस्तो होला ? एमाओवादी भीत्रै अहिले नारायणकाजी श्रेष्ठसमेतका व्याक्तिहरूलाई चैते माओवादी भन्न थालिएको अवस्थामा तत्कालीन जनमोर्चाबाट एमाओवादी प्रवेश गरेका व्याक्तिहरू समेत अब पार्टी त्याग्ने पक्षमा पुगेको एक कार्यकर्ताले वताएका छन् । नारायणकाजी श्रेष्ठलगायतका व्याक्तिहरू द्वन्द्वकालमा पार्टीमा नलागेका र शान्ति प्रकृयामा पुगेपछि मात्र उनीहरू पार्टी प्रवेश गरेका हुनाले अहिले एमाओवादी भीत्रै उनीहरूलाई दोस्रो पंक्तिमा राखीएको एक कार्यकर्ताले बताएका छन् । यस्तो अवस्थामा अहिले पार्टी प्रवेश गर्नेहरूको हालत कस्तो होला त ?

## राप्रपा..

सहयोग समेत लिने गरेका हुनाले त्यस्ता दलहरूबाट अब नेपालको अस्तित्व सुरक्षित गर्न नसकिने भएको हुनाले नेपाल र नेपाली जनताको रक्षा गर्नका लागि राप्रपा नेपाल गठन भएको भन्दै राप्रपा नेपाललाई मतदान गर्न सबैसँग आग्रह समेत गरेका छन् ।

राष्ट्रियता कमजोर भएको अवस्थामा देशलाई बलियो राष्ट्रवादी शक्तिको खाँचो रहेको थापाको दाबी थियो । त्यस्तै राष्ट्रवादी शक्ति राप्रपा नेपाल मात्र हुने भन्दै सोही कार्यक्रममा विभिन्न पार्टीहरू परित्याग गरेर चारसयभन्दा बढी कार्यकर्ताहरू राप्रपा नेपालमा प्रवेश गरेका थिए । नवप्रवाशीहरूलाई अध्यक्ष थापाले आफ्नो पार्टीमा स्वागत गर्दै टिका लगाइदिएका थिए । त्यसरी प्रवेश गर्नेहरूमा नेकपा एमाले स्याङ्जा जिल्ला कमिटीका उपसचिव अमर शर्मा रेग्मी सहित नेकपा एमालेबाट ठूलो संख्यामा राप्रपा नेपालम प्रवेश गरेका थिए । सोही कार्यक्रममा नेपाली कांग्रेस, एमाओवादी, मधेसवादी दलका कार्यकर्ताहरू राप्रपा नेपालमा प्रवेश गरेकाले पोखरामा राप्रपा नेपाल निकै प्रभावशाली रहने पोखरावासीहरूको भनाइरहेको छ ।

## मन्त्रालयको...

भन्दै संघर्षमा उत्रिएका छन् ।

मेडिकल कलेज सञ्चालनका लागि शिक्षा मन्त्रालय, मेडिकल काउन्सिलदेखि प्रधानमन्त्री र पार्टीहरूमा समेत चन्दा र घुस पुऱ्याउनु पर्छ । सरकारले तोकेको रकममा डाक्टर पढाए घाटा हुन्छ । अनि 'घुस' समेत विद्यार्थीको फिमा जोडिने रहेछ ।

# नयाँ नोट वितरणमा नयाँ प्रावधान

विराटनगर । यसपालिको दसैंमा राष्ट्र बैंक शाखा विराटनगरले अलग-अलग तीन लाइनमा नयाँ नोट वितरण गर्ने भएको छ । राष्ट्र बैंक शाखा विराटनगरस्थित कार्यालयमा १६ देखि २४ असोजसम्म नयाँ नोट वितरण गरिने नयाँ नोट पाउनेछन् ।

गाउँ-गाउँमा नयाँ नोट पुऱ्याउने र पुराना नोट विस्थापित गर्ने योजनाअनुसार राष्ट्र बैंकले यसपटक ग्रामीण क्षेत्रलाई प्राथमिकता दिएको हो । यसपटक बैंक तथा वित्तीय संस्थाबाट व्यक्तिगत रूपमा



बताइएको छ । नयाँ नोट सबैले पाऊन् र लिनेलाई झन्झट नहोस् भनेरै बैंकले महिला-पुरूष, अपांग र ज्येष्ठ नागरिकका लागि अलग-अलग तीन लाइन बनाई नोट वितरण गरिने राष्ट्र बैंक विराटनगरका मुख्य व्यवस्थापक दीपक थापाले जानकारी दिए । उनले भने, 'नयाँ नोट वितरण अघिल्ला वर्षभन्दा सहज बनाउने तयारीमा छौं ।'

दसैंमा नयाँ नोट सहरमा भन्दा ग्रामीण क्षेत्रमा बढी प्राथमिकता दिएर वितरण गर्ने राष्ट्र बैंक क्षेत्रीय कार्यालयको योजना छ । ग्रामीण क्षेत्रका निजी बैंक र वित्तीय सहकारीलाई प्राथमिकतामा राखी नयाँ नोट उपलब्ध गराइने मुख्य व्यवस्थापक थापाले बताए । उनका अनुसार ग्रामीण क्षेत्रका सहकारीले १० लाख रूपैयाँसम्मका नयाँ नोट लिनेले बढीमा ११ हजार रूपैयाँसम्म मात्र पाउनेछन् । नयाँ नोटमा हुने गरेको कालोबजारी हटाई समानुपातिक रूपमा सबैलाई वितरण गर्ने लक्ष्य राष्ट्र बैंक शाखाले लिएको छ । मुख्य व्यवस्थापक थापाले नयाँ नोट वितरण गर्दा पूर्व, उत्तर, दक्षिण, पश्चिम, गाउँ, सहर सबैतिरका बैंक छनोट गरी आवश्यकताअनुसार वितरण गरिने बताए ।

विराटनगरस्थित राष्ट्र बैंक शाखाले गत वर्ष पूर्वमा दुई अर्बबराबर नयाँ नोट वितरण गरेको थियो । यो वर्ष दुई अर्बभन्दा बढी नोट वितरण हुन सक्ने बताइएको छ । व्यवस्थापक थापाले भने, 'नयाँ नोट आउने क्रम जारी छ, बाकसमा भएकाले कति आयो गन्न भ्याएका छैनौं ।'

# बिमा संस्थान टुक्र्याउन ट्रेड युनियन सहमत

काठमाडौं । राष्ट्रिय बिमा संस्थानमा क्रियाशील ट्रेड युनियन संस्थानलाई जीवन तथा निर्जीवन बिमा कम्पनीमा टुक्र्याउन सहमत भएका छन् । टुक्र्याउन नहुनेलगायत माग राखी आन्दोलन गर्दै आएका आएका ट्रेड युनियन र व्यवस्थापनबीच गत शुक्रबार संस्थानलाई टुक्र्याउनेसहित चारबुँदे सहमति भएको थियो । सहमतिपछि ट्रेड युनियनले आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् ।

खुला प्रतिस्पर्धाबाट नियुक्त प्रशासक रामबहादुर खड्कालाई कार्यालय प्रवेशमा रोक लगाउँदै ट्रेड युनियनले कार्यकक्षमा तालाबन्द गरेका थिए । सोही कारण खड्का तीन महिनादेखि कार्यालय जान सकेका थिएनन् । ट्रेड युनियनसँगको सहमतिपछि उनी आइतबारदेखि कार्यालय जान थालेका छन् । प्रशासक खड्काले संस्थानले गर्दै आएको जीवन र निर्जीवन बिमा व्यवसायलाई अलग गर्न ट्रेड युनियनले सहयोग गर्ने, कर्मचारीलाई दिंदै आएका सुविधा पुनर्विचार गर्न अर्थ मन्त्रालयमा व्यवस्थापनले पत्राचार गर्ने, लेखा परीक्षण सम्पन्न गर्नेलगायत सहमति भएको जानकारी दिए ।

व्यवसाय अलग गर्न संस्थानले निर्जीवन बिमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली मन्त्रालयमा गत साउनमै पेस गरिसकेको छ । 'ट्रेड युनियनसँग सहमति जुटेपछि व्यवसाय अलग गर्ने प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ,' खड्काले भने ।

बिमा ऐनले एउटै संस्थालाई जीवन र निर्जीवन बिमा व्यवसाय सञ्चालनमा रोक लगाएको छ । बिमा संस्थान ऐन, ०२५ ले संस्थानले जीवन बिमा व्यवसाय मात्र गर्न पाउने व्यवस्था गरे पनि निर्जीवन व्यवसाय पनि सञ्चालन गर्दै आएको छ ।सोहीकारण बिमा समितिले संस्थानको लाइसेन्स नवीकरण गरेको छैन । विनालाइसेन्स कारोबार गरिरहेकाले संस्थानको व्यावसायिक कारोबारमा कानुनी प्रश्न उठ्दै आएको छ । व्यवसाय अलग गर्न मन्त्रालय र बिमा समितिले पटक-पटक निर्देशन दिए पनि कर्मचारीको अवरोधका कारण कार्यान्वयनमा आउन सकेको थिएन ।

संस्थानले निर्जीवन बिमा कम्पनीको नाम 'राष्ट्रिय बिमा कम्पनी लिमिटेड' प्रस्ताव गरेको छ । कम्पनीको चुक्ता पुंजी ३५ करोड रूपैयाँ रहनेछ । यसमा सरकारको ४१ प्रतिशत, कर्मचारी सञ्चय कोषको २२ प्रतिशत, नेपाल बैंकको १० प्रतिशत र बाँकी सर्वसाधारणको सेयर रहने प्रस्ताव गरिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनविपरीत संस्थानले सबै कर्मचारीलाई पुरस्कार, भत्ता खुवाइरहेको छ । संस्थान सञ्चालक समितिले निर्णय नगरेको र अर्थले स्वीकृति नदिएको पुरस्कार भत्ता कर्मचारी आफैं राम्रो काम गरेको निर्णय गरी खाइरहेका छन् । अधिकृत स्तरका कर्मचारीले २९ हजार र सहायक तहका कर्मचारी तथा कार्यालय सहयोगी, ड्राइभरले २४ हजार रूपैयाँ वार्षिक रूपमा पुरस्कार भत्ता खाइरहेका छन् । 'कर्मचारीले स्वीकृति नलिई विभिन्न्न सुविधा तथा भत्ता लिइरहेका छन्, त्यसलाई रोक्न अर्थ र अख्तियारको ध्यान गएको छैन,' मन्त्रालय स्रोतले भन्यो । वर्षौंदेखि लेखापरीक्षण नहुँदा बिमा गरेबापत सर्वसाधारणले बुझाएको पैसाको हिसाब संस्थानले देखाउन सकेको छैन । संस्थानको अर्बौं सम्पत्तिको हिसाब कारोबार अध्यावधिक गरिएको छैन । सर्वसाधारणले बिमा गरेबापतको रकम कुन बैंकमा राखिएको छ, त्यसको वास्तविक तथ्यांक छैन । लेखाको हिसाब मिलानका लागि अनिवार्य गर्नुपर्ने त्रैमासिक अर्धवार्षिक र वार्षिक खाताबन्दी २०औं वर्षदेखि भएको छैन । आव ०६३/६४, ०६४/६५ र ०६५/६६ को लेखा परीक्षण भए अनियमितता बाहिर आई कारबाही हुने डरले कर्मचारीले प्रतिवेदनलाई अन्तिम रूप दिन मानेका छैनन् । तीन आर्थिक वर्षको करिब ८५ करोड रूपैयाँ नोक्सानी व्यवस्था (प्रोभिजनिङ) गर्नुपर्ने लेखा परीक्षणको प्रतिवेदनमा कर्मचारीले आपत्ति जनाउँदै आएका छन् । ८५ करोड प्रोभिजनिङ गर्दा संस्थान घाटामा जाने हुँदा खाइपाई आएको सुविधा खोसिने डरले कर्मचारीले लेखापरीक्षण गर्न नदिएका हुन् ।

पत्रकार आचार संहिताको पालना गरौं, पत्रकारितालाई मर्यादित र स्वस्थ राखौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार